सिकाई क्षेत्र :
## सामाजिक व्यवहार र मूल्य मान्यता

# नेपालको इतिहास




## तह ३


**नेपाल सरकार**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव श्रोत विकास केन्द्र

# हाम्रो भनाई

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तोकिएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमापर्स्त व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रुपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारूलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरु, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

## परिचय

नेपाल पुर्खाहरुको रगत र पसिनाले आर्जेको मुलुक हो । हामी नेपालीहरु साहसी, निडर तथा बहादुर गोर्खालीको नामले विश्व प्रसिद्ध छौँ । हाम्रो देशमा राजनीतिक परिवर्तन तथा विकासका लागि थुप्रै आन्दोलन विभिन्न समयमा भएका छन् । विश्वमा मन्दिरै मन्दिरको देशको नामले पनि हाम्रो देश चिनिन्छ । नेपालको इतिहासलाई मुख्य गरी प्राचीन काल, मध्य काल र आधुनिक काल गरी तीन खण्डमा विभाजन गरेर अध्ययन गरिन्छ । काल भन्नाले समय अवधि बुझिन्छ । गोपाल वंशबाट सुरू भएको नेपालको इतिहास पृथ्वीनारायण शाहबाट एकीकरण हुनु अघिसम्म नेपाल भन्नाले काठमाडौँ उपत्यकाका राज्यहरुलाई भनिन्थ्यो तर ती राज्यहरु समय समयमा विस्तार हुने र टुक्रिने क्रम चलिरहन्थ्यो । वि.सं. १८२५ मा काठमाडौँमा विजय प्राप्त गरेपश्चात् आधुनिक नेपालको विकास अगाडि बढेको देखिन्छ । त्यसैले यो मोडुलमा हामी गोपाल वंशदेखि हालसम्मका महत्त्वपूर्ण घटनाहरुलाई छोटकरीमा केलाउने प्रयास गर्ने छौँ । साथै नेपालको विकासमा अमूल्य योगदान गर्नुहुने राष्ट्रिय विभूतिहरुबारे पनि चर्चा गर्ने छौँ ।

## सक्षमता

ऐतिहासिक महत्त्वका राष्ट्रिय सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय विभूति र घटनाले राष्ट्र निर्माणमा पुऱ्याएका योगदानको विवेचना,

## सिकाइ उपलब्धि

» सांस्कृतिक सम्पदा मर्मत सम्भार र संरक्षणसम्बन्धी कार्यकलापमा सक्रिय हुन,
» राष्ट्रिय स्तरमा उल्लेख्य योगदान पुऱ्याएका ऐतिहासिक व्यक्तित्व र घटनाहरुको विवेचना गर्न,
» हाम्रा राष्ट्रिय विभूतिहरुले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानको तुलनात्मक विवेचना गर्न,

## पाठहरू

पाठ १ : प्राचीन कालीन नेपाल

पाठ २ : मध्य कालीन नेपाल

पाठ ३ : आधुनिक कालीन नेपाल

पाठ ४ : हाम्रा राष्ट्रिय विभूतिहरु

# पूर्व सिकाई परिक्षण

**सही उत्तरमा (✓) चिह्न लगाउनुहोस् :**

१. महिषपाल भन्नाले के बुझिन्छ ?

क. गाई पाल्ने

ख. भैँसी पाल्ने

ग. बाख्रा पाल्ने

घ. माथिका सबै

२. रानी पोखरीको निर्माण कसले गरेका हुन् ?

क. महीन्द्र मल्ल

ख. जयस्थिति मल्ल

ग. प्रताप मल्ल

घ. माथिको कुनै पनि होइन

३. मध्य कालीन नेपालमा कर्णालीमा कस्ता राज्यहरु थिए ?

क. बाइसी

ख. चौबिसे

ग. सेन

घ. मल्ल

४. नेपालको हालको संविधान कुन मितिमा बनेको हो ?

क. २०७२ वैशाख १२

ख. २०७२ असोज ३

ग. २०७२ असोज ६

घ. माथिका कुनै पनि होइन

५. तलका मध्ये राष्ट्रिय विभूति को हुन्  ?

क. राम शाह

ख. भृकुटी

ग. मोतीराम भट्ट

घ. माथिका सबै

**तल दिइएका वाक्यहरू सही भए (✓) र गलत भए (×) चिह्न लगाउनुहोस् ।**

१. गोपाल वंशका पहिला राजा यलम्बर हुन् । [ ]

२. नेपाल संवतको सुरूवात शङ्खधर साख्वाले गरेका हुन् । [ ]

३. गोपाल भन्नाले भैँसी पाल्ने समूह भन्ने बुझिन्छ । [ ]

४. लिच्छविकाललाई नेपालको इतिहासको स्वर्णयुग पनि भनिन्छ । [ ]

५. जनताले खाएपछि मात्र खाने राजा भनेर महीन्द्र मल्ललाई लिइन्छ । [ ]

६. हालको रानी पोखरी, बालाजुको बाइसधारा, पचपन्न झ्याले दरबार जस्ता संरचना शाह वंशीय राजाहरुले निर्माण गरेका हुन् । [ ]

७. राणा शासनको सुरूवात कोतपर्वपश्चात् भएको थियो । [ ]

८. नेपालमा राणा शासन अन्त्य गर्न तत्कालीन राजा महेन्द्रले दिल्लीमा गएर सम्झौता गरेका थिए । [ ]

९. नेपालको इतिहासमा २०५८ जेष्ठ १९ गतेलाई कालो दिवसका दिनमा लिइन्छ । [ ]

१०. नेपालको हालको संविधान पहिलो संविधान सभामार्फत बनेको थियो । [ ]

११. नेपालमा हालसम्म १६ जना राष्ट्रिय विभूतिहरु घोषणा गरिएको छ । [ ]

१२. जय पृथ्वीबहादुर सिंह सबैभन्दा पछाडि घोषणा भएका राष्ट्रिय विभूति हुन् । [ ]

१३. हाम्रा राष्ट्रिय विभूतिहरुले पुऱ्याएको योगदान स्वरुप सरकारले उनीहरुको नामको हुलाक टिकट बनाएको छ । [ ]

१४. 'न्याय नपाए गोर्खा जानू' भन्ने भनाइ पृथ्वीनारायण शाहसँग सम्बन्धित छ । [ ]

१५. नेपालीको वीरताको कथा बुन्दा अमरसिंह थापा, बलभद्र कुँवर तथा भक्ति थापाको योगदान महत्त्वपूर्ण मानिन्छ । [ ]

**ल अब हेरौँ है त, यहाँले कस्तो गर्नुभयो ? तपाईंको उत्तर पृष्ठ नं ६० /६१ दिइएको उत्तर सँग मिल्यो कि मिलेन?**

तपाईंको उत्तर कति मिल्यो ? सबै उत्तर सही भए, धेरै राम्रो गर्नुभयो, तपाईंलाई बधाई छ । यसबाट थाहा हुन्छ कि तपाईंलाई यस मोडुलका सम्बन्धमा धेरै जानकारी छ  तर पनि तपाँइ आफूले थाहा पाइसकेको विषयवस्तुको समीक्षा गर्न यस मोडुलको अध्ययन गर्न सक्नुहुन्छ । यसो गर्दा तपाईंले थप केही नयाँ कुरा सिक्न पनि सक्नुहुन्छ ।

यदि तपाईंका उत्तरहरु अधिकांश मिलेन भने पनि चिन्ता नगर्नुहोस् । वास्तवमा यो मोडुल तपाईंकै लागि तयार गरिएको हो । यसको अध्ययनले तपाईंलाई दैनिक जीवनमा काम लाग्ने ज्ञान, सीप, अवधारणा आदिका सम्बन्धमा जानकारी हुनेछ । यसको अध्ययनले तपाईंलाई माथिका सबै प्रश्नहरु ठिकसँग उत्तर दिन र अन्य धेरै कुराहरु पनि जान्न-बुझ्न मद्दत गर्ने छ । के तपाईं तयार हुनुहुन्छ ? अब हामी पाठ सुरू गरौं है त ।

पाठ १

# प्राचीन कालीन नेपाल

नेपालको इतिहासलाई मुख्य गरी प्राचीन काल, मध्य काल र आधुनिक काल गरी तीन खण्डमा विभाजन गरेर अध्ययन गरिन्छ । काल भन्नाले समय अवधि बुझिन्छ । नेपालको इतिहासमा प्राचीन काल भन्नाले गोपाल वंशदेखि लिच्छविवंश (वि. सं. ९३६ भन्दा) अगाडिको समयलाई लिइन्छ । नेपालको इतिहास अध्ययन गर्नँपर्दा प्राचीन कालीन नेपालका बारेमा जानकारी हासिल गर्न अनिवार्य हुन्छ । खासगरी तत्कालीन समयमा नेपाल कस्तो थियो र नेपालका शासकहरु कस्ता थिए, नेपालको समग्र विकासमा ती शासकहरुले कस्तो भूमिका खेले भन्ने कुरा जान्नु आवश्यक छ । यस पाठमा हामी प्राचीन कालीन नेपाल कस्तो थियो भन्ने बारे अध्ययन गर्ने छौँ र नेपालको विकासक्रम कसरी अगाडि बढ्यो भन्ने कुरा जान्ने कोसिस गर्नेछौँ । आउनुहोस् पाठ सुरू गरौँ है त ।

**सर्वप्रथम एक जना विश्वविद्यालयमा समाज विज्ञान विषय अध्ययनरत विद्यार्थी र प्राध्यापकबिचको संवाद अध्ययन गरौँ र मनन गरौँ ।**



**मिनबहादुर :** नमस्कार सर, म मिनबहादुर शाही, घर मेरो जुम्ला हो । हाल त्रिभुवन विश्वविद्यालयमा समाज शास्त्रमा स्नातक गर्दै छु, नेपालको इतिहासको विषयमा सरसँग केही जानकारी हासिल गरौँ कि भनेर आएको ।

**प्राध्यापक :** नमस्कार शाही जी, खुसी लाग्यो यसरी चासो लिएर भेट्न आउनुभएकामा, भन्नुहोस् मैले के जानकारी दिनु पर्‍यो ?

**मिनबहादुर :** सर्वप्रथम मलाई प्राचीन नेपालका राजाहरुका बारेमा केही बताइदिनुहुन्छ कि ?

**प्राध्यापक :** तपाइँले गोपाल वंशदेखिको कुरा गर्न खोज्नुभएको हो ?

**मिनबहादुर :** हो हो, नेपालको इतिहासको पहिलो राजा गोपालवंशी भनेर सुनेको थिएँ ।

**प्राध्यापक :** तपाइँले ठिक भन्नुभयो, नेपालका प्रथम राजाहरु गोपालवंशी थिए । गोपाल भन्नाले गाईपालक समुदाय भन्ने बुझिन्छ । गोपाल वंशावलीअनुसार गोपालवंशी आठजना शासकहरुले करिब ५०५ वर्ष नेपालको शासन गरेको अनुमान छ । जसमा गोपाल वंशी शासकहरु भूमि गुप्त, जय गुप्त, धर्म गुप्त, हर्ष गुप्त, भीम गुप्त, मणि गुप्त, विष्णु गुप्त र जीन गुप्तले शासन रहेका थिए ।

**मिनबहादुर :** गोपाल वंशपछि शासन कसरी अगाडि बढ्यो सर ?

**प्राध्यापक :** गोपाल राजवंशावलीमा उल्लेख भएअनुसार गोपालवंशका जीन गुप्तलाई युद्धमा पराजित गरी महिषपालहरुले नेपालमा शासन गरेका थिए गाई पाल्नेलाई गोपाल भने झैँ भैँसी पाल्नेलाई महिषपाल भनिन्थ्यो । भाषा वंशावलीअनुसार महिषपालहरुले करिब १६१ वर्ष शासन गरेका थिए ।

**मिनबहादुर :** महिषपाल वंशपछि मात्र किराँत वंश आएको हो सर ?

**प्राध्यापक :** हो ठिक भन्नु भयो । महिषपाल वंशका अन्तिम राजा भुवन सिंहलाई युद्धमा पराजित गरी किरात वंशी राजा यलम्बरले शासन गरेका थिए । किराँत वंशले झन्डै १५०० वर्ष जति शासन चलाएको मानिन्छ ।

**मिनबहादुर :** यलम्बरका बारेमा त हामीले बच्चामा धेरै सुनेका थियौँ ।

**प्राध्यापक :** हो यलम्बरका बारेमा धेरै ठाउँमा उल्लेख गरेको देखिन्छ । यलम्बरको नामबाट पाटन सहरको पुरानो नाम यल रहन गएको मानिन्छ । इन्द्रजात्रामा खम्बामा राखिने आकाश भैरवको टाउको यिनै यलम्बरको भएको मानिन्छ । यिनैको पालामा किराँतेश्वर महादेवको उत्पत्ति भएको र महाभारत युद्धका एक महारथी अर्जनसँग किरातेश्वर महादेवको लडाइँ भएको उल्लेख छ ।

**मिनबहादुर :** किराँत वंशको बेलामा भएका स्थानहरु अहिले पनि छ भनिन्छ नी ।

**प्राध्यापक :** किराँती कालमा भारतबाट सम्राट् अशोककी छोरी चारूमतीलाई साथमा लिएर नेपाल आएका थिए । उनकी छोरी चारूमतीले चाबहिलमा विहार निर्माण गरेको कुरा उल्लेख छ । चारूमतीकै नामबाट सो विहारको नाम चाबहिल रहेको मानिन्छ ।

**मिनबहादुर :** मैले चाबहिल सँगसँगै अन्य ठाउँहरुका बारेमा पनि सुनेको थिएँ ।

**प्राध्यापक :** हो किराँत कालमा नामकरण भएका केही बस्तीहरु अहिले पनि रहेका छन् । भक्तपुरलाई नेवारी भाषामा खोप भनिन्छ । यसलाई किँरातकालमा खोप्रिङ भनिन्थ्यो । त्यसैगरी किराँत कालीन नाम तेङ्खुबाट टेकु, सङ्गबाट साँगा, चङ्गुबाट चाँगु, खुर्पासीबाट खोपासी जस्ता बस्तीका नामहरु रहेका थिए जो अझै प्रचलनमा रहेका छन् ।

**मिनबहादुर :** मैले च्यासलका बारेमा पनि सुनेको थिएँ सर, केही थाहा छ हजुरलाई ?

**प्राध्यापक :** किँरात शासनको अन्त्यतिर ललितपुरको च्यासल भन्ने ठाउँमा आठसय किराँतीहरुको हत्या गरिएको थियो । च्यासको अर्थ आठसय हुन्छ । त्यसैले त्यस ठाउँको नाम च्यासल रहन गएको हो ।

**मिनबहादुर :** यी तिनै वंशका मानिसहरुको मुख्य पेसा कृषि नै त थियो होला नि ?

**प्राध्यापक :** हो गोपाल वंशी शासनकालको मुख्य पेसा पशुपालन थियो भने कृषि पनि उल्लेख्य हुन्थ्यो । महिषपाल वंशको पालामा भने भैँसी पाल्न थालियो । अन्य कुरा गोपाल वंशकै जस्तो थियो । किराँत कालमा मानिसहरु कृषि र पशुपालनका साथमा सिकार गर्ने कार्य पनि गर्थे । तीनओटै काल खण्डमा घरेलु उद्योगबाट आफूलाई आवश्यक वस्तु तयारी गरिन्थ्यो ।

**मिनबहादुर** : सरलाई धेरै धेरै धन्यवाद, आज धेरै नै जानकारी हासिल भयो, म अझै केही छुटेको छ भने खोजेर अध्ययन गर्ने छु र नजानेमा सरसँग सम्पर्क गर्ने छु ।

**प्राध्यापक** : हुन्छ शाही जी, तपाईँलाई धेरै धेरै शुभकामना ।

**१. माथिको संवाद सुनिसकेपछि अब तल दिइएका प्रश्नको उत्तरहरू दिनुहोस् ।**

क. गोपालहरु को थिए ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

ख. महिषपाल वंशको मुख्य विशेषता के थियो ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

ग. किराँत वंश कसरी सुरू भयो ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

घ. किराँत वंशमा भएका केही स्थानहरु जुन अहिले पनि छन्, उल्लेख गर्नुहोस् ?

उत्तर : ..........................................................................................................

..........................................................................................................

ङ. गोपाल वंश, महिषपाल वंश र किराँत वंशको आर्थिक गतिविधिहरु कस्तो थियो ?

उत्तर :..........................................................................................................

..........................................................................................................

**२. तल दिएको खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् ।**

क. किराँत वंशको पहिलो राजा ........................... हुन् ।

ख. गोपाल भन्नाले ............................. सामुदाय बुझिन्छ ।

ग. महिषपाल भन्नाले .................................. सामुदाय बुझिन्छ ।

घ. गोपाल वंशका अन्तिम राजा ...................................... हुन् ।

ङ. महिषपाल वंशका अन्तिम राजा .................................. हुन् ।

च. च्यास शब्दको अर्थ .......................... हो ।

छ. किराँती कालमा भारतीय सम्राट अशोक आफ्नो छोरी ........................... को साथमा नेपाल आएका थिए ।

ज. इन्द्रजात्रामा खम्बामा राखिने आकाश भैरवको टाउको राजा .................................. भएको मानिन्छ ।

**३. तल दिइएका जानकारीहरू गोपाल, महिषपाल र किराँत काल मध्ये कुनसँग सम्बन्धित छ दायाँ भागको खाली ठाउँमा उल्लेख गर्नुहोस् ।**

क. करिब १५०० वर्ष शासन.......................

ख. करिब ५०५ वर्ष शासन ............................

ग. करिब १६१ वर्ष शासन ..........................

घ. भूमि गुप्त .................................

ङ. यलम्बर ...................................

च. च्यासल ...............................

छ. चारूमती भ्रमण .............................

ज. गाइपालन ..................................

झ. भैंसीपालन .................................

ञ. भुवन सिंह .................................

## अब लिच्छविकालीन समयमा महत्त्वपूर्ण योगदान गर्ने व्यक्तिहरू बारे चर्चा गरौँ

**तलको तालिकामा लिच्छवि कालीन समयका केही महत्त्वपूर्ण व्यक्तिहरू र उनीहरूको योगदानको बारेमा चर्चा गरिएको छ । अब तालिका अध्ययन गर्नुहोस् र मुख्य कुराहरू मनन गर्नुहोस् ।**

| व्यक्तिको नाम | महत्त्वपूर्ण योगदान |
|---|---|
| मानदेव | चाँगु नारायणमा गरूड स्तम्भ राखी शिलालेख स्थापना, विष्णु विक्रान्तको सुन्दर मूर्ति निर्माण, पूर्व र पश्चिमका सामन्तलाई नियन्त्रण गरी विशाल नेपाल राज्य कायम गरेका, मान विहारको निर्माण, मानाङ्क नामक धातु मुद्राको प्रचलन, मानगृह नामक राजदरबारको निर्माण, |
| वसन्तदेव | जनताको भलो चाहने राजाका रुपमा परिचित राजा, दूतक, सर्वदण्डनायक र महाप्रतिहार जस्ता प्रशासकीय पदको सिर्जना, टिस्टद्रङ भन्ने ठाउँ (हाल भारत)को शिलालेखमा सबभन्दा पहिले नेपाल शब्दको प्रयोग । |
| अंशुवर्मा | शिक्षाप्रेमी, सुधारक, व्याकरणका रचयिता, किसानलाई मर्का पर्नबाट बचाउन कुतसम्बन्धी व्यवस्था र सिँचाइको व्यवस्था, पशुपालनलाई प्रोत्साहन, वैदेशिक व्यापारमा वृद्धि, घरेलु उद्योगलाई प्रोत्सहन, मुद्राको प्रचलन जस्ता सुधारका कार्यहरु सञ्चालन । तिब्बती राजा स्रङचङ गम्पोसँग भृकुटीको विवाह गराएर तिब्बतसँगको सम्बन्ध सुधार, भारतका राजा हर्षवर्द्धनसँग सन्धि गरेर भारतसँगको सम्बन्ध सुधार, प्रजा कसरी सुखी हुन्छन् भन्ने चिन्तन, कैलासकुट नामक सुन्दर दरबार निर्माण, पहिलो पटक युवराज घोषणा गर्ने परम्परा स्थापना |
| विष्णु गुप्त | बुढानीलकण्ठको मूर्ति र नारायणहिटीको नारायणको मूर्ति स्थापना |
| नरेन्द्र देव | चीन र तिब्बतसँगको सम्बन्ध विस्तार, नापतौलमा एकरुपता कायम, भद्राधिवास नामक दरबार निर्माण, द्वैधशासनको अन्त्य, गर्भवती श्रीमतीको मृत्यु भएमा श्रीमान्लाई दण्ड दिने व्यवस्था |

**१. माथिको तालिका अध्ययन गरिसकेपछि तलका प्रश्नको उत्तर दिनुहोस् ।**

क. अंशुवर्माले छिमेकी राष्ट्रसँग कसरी सुमधुर सम्बन्ध कायम राखे ?

उत्तर : ..................................................................................................................

..............................................................................................................................

ख. अंशुवर्मा व्यापार व्यवसाय बढाउन कस्ता उपायहरु अपनाएका थिए ?

उत्तर : ..................................................................................................................

..............................................................................................................................

ग. मानदेवले निर्माण गरेका मुख्य भौतिक संरचना के के हुन् ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

घ. वसन्तदेवका पालामा भएको मुख्य सुधारका कामहरु के के हुन् ?

उत्तर : ..............................................................................................................

..............................................................................................................

**२. माथिको तालिकालाई आधार मानेर तल दायाँतर्फ दिइएको जानकारीहरू बायाँतर्फ दिइएको कुन व्यक्तिसँग सम्बन्धित छ जोडा मिलाउनुहोस् ।**

| | | |
|---|---|---|
| क. मानदेव | | युवराज घोषणा गर्ने परम्परा |
| ख. वसन्त देवत्र | | बुढानीलकण्ठको मूर्ति निर्माण |
| ग. अन्शुबर्मा | | मानाङ्क धातुको मुद्रा प्रचलन |
| घ. विष्णु गुप्त | | भद्राधिवास दरबार निर्माण |
| ङ. नरेन्द्र देव | | दुतक पदको सिर्जना |



## खोज क्रियाकलाप

तपाइँको सामुदाय, वडा, पालिका, प्रदेश वा समग्र देशमा नै उल्लेख्य योगदान पुऱ्याएका कुनै तीन व्यक्ति बारे जानकारी प्राप्त गर्नँहोस् (कसैलाई सोधेर, सामाजिक सञ्जाल, इन्टरनेटको प्रयोग आदि), र माथि उल्लेख गरिए जस्तै तालिकामा उनीहरुले पुऱ्याएका खास योगदानहरु छोटकरीमा उल्लेख गर्नँहोस् ।

| व्यक्ति | पुऱ्याएको योगदान |
|---|---|
| | |
| | |
| | |

| | |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

### थप जान्नुपर्ने कुरा

**लिच्छवि काललाई स्वर्णिम युग किन भनिन्छ ?**

लिच्छवि कालीन आर्थिक अवस्था कृषिमा आधारित थियो । कृषिका लागि राजकुलोको व्यवस्था गरिएको हुन्थ्यो । पशुपालन व्यवसाय पनि कृषिसँगै गरिन्थ्यो । काभ्रे जिल्लाको खोपासीमा कपडा उत्पादन गरिन्थ्यो । उक्त समयमा नेपालमा काष्ठ उद्योग, माटा र धातुका उद्योग, ढुङ्गासम्बन्धी उद्योग, रङसम्बन्धी उद्योग, उनी कपडा उद्योग, हातहातियारका उद्योग र तेल उद्योगहरु फस्टाएका थिए । भारतमा नेपाली तामाको अत्यधिक माग थियो । नेपालले फलाम, कस्तूरी, तामा र चमर निर्यात गर्ने गरेको कुरा अभिलेखमा उल्लेख गरेको पाइन्छ । तिब्बततर्फ खाद्यान्न, उनी कपडा, खुर्सानी, धातुका कलात्मक वस्तु निर्यात हुन्थ्यो । लिच्छवि कालमा कर व्यवस्था पनि निकै सुदृढ थियो । यसरी लिच्छवि कालमा जनहितलाई बढी स्थान दिने तथा नेपालको आर्थिक तथा सामाजिक अवस्था एकदम बलियो रहेको हुनाले लिच्छवि काललाई नेपालको इतिहासमा स्वर्णयुग पनि मानिएको छ ।

## के तपाइलाई थाहा छ ?

बिभिन्न भाषा अनुसार नेपाल शब्दको अर्थ

- » किराती र नेवारी भाषामा “ने” को अर्थ “मध्य” र “पा” को अर्थ “देश” अर्थात् “मध्यदेश” हुन्छ ।
- » तिब्बती भाषामा “ने” को अर्थ घर र “पाल” को अर्थ उन हुन्छ । त्यसैले नेपाल शब्दको अर्थ उनको घर भन्ने देखिन्छ ।
- » लिम्बु भाषामा नेपालको अर्थ समतल भूमि भन्ने हुन्छ । पहाडी खण्डमा ठुलो मैदानी उपत्यका भएकाले यसको नाम नेपाल रहन गएको देखिन्छ ।
- » पुरानो लेप्चा भाषामा “ने” को अर्थ पवित्र र “पाल” को अर्थ गुफा हुन्छ । यस अनुसार नेपालको अर्थ पवित्र धार्मिक स्थल भन्ने बुझिन्छ ।
- » तामाङ भाषामा “ने”भन्नाले तीर्थ बुझिन्छ। त्यसैगरी लामा धर्मग्रन्थमा “ने” को अर्थ पवित्र स्थान भन्ने बुझिन्छ ।
- » संस्कृत भाषामा “नीप” भनेको पहाडको फेदी हुन्छ सो शब्दमा उपसर्ग “आल”जोड्दा नेपाल हुन्छ । आलको अर्थ घरहुन्छ ।

## परियोजना कार्य

तपाइँको जन्मे/हुर्केको ठाउँको नामाकरण र विगतका आर्थिक तथा सामजिक अवस्थाका बारेमा पाका मानिसहरु सँग जानकारी हासिल गर्नुहोस् र आफ्नो जन्मे हुर्केको ठाउँका बारेमा छोटकरीमा इतिहास तयार गर्नुहोस् र आफ्नो साथीभाइलाई सुनाउनुहोस्



## खोज कार्य

प्राचीन कालमा भए जस्तै तपाइँको सामुदायमा पनि कुनै ऐतिहासिक प्राकृतिक अथवा सांस्कृतिक सम्पदा जस्तै मन्दिर, धारा, राजकुलो, चैत्य, ठुलो रूख आदि हुन सक्छन् । आफ्नो समाजका अगुवाहरुसँग गएर ती सम्पदाको एतिहासिक जानकारी हासिल गर्नुहोस् । मुख्य गरी ती सम्पदा कसरी, किन तथा कसले निर्माण गर्‍यो जस्ता प्रश्नहरु सोधी जानकारी हासिल गर्नुहोस् र छोटकरीमा उल्लेख गर्नुहोस् ।

..........................................................................................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

..........................................................................................................................................................

## यस पाठमा सम्झनुपर्ने मुख्य बुँदाहरू

» गोपाल भन्नाले गाई पाल्ने तथा महिषपाल भन्नाले भैँसी पाल्ने समूह भन्ने बुझिन्छ ।
» नेपालमा गोपालले करिब ५५० वर्ष, महिषपालले करिब १६१ वर्ष तथा किराँतहरुले करिब १५०० शासन गरेको देखिन्छ ।
» लिच्छवि कालमा नेपालमा आर्थिक रुपमा नेपाल सम्पन्न भएको तथा जनताको जीवन उकास्न विशेष ध्यान दिइएको हुँदा लिच्छवी काललाई नेपालको इतिहासमा स्वर्ण कालको रुपमा लिइन्छ ।
» किराँत कालमा निर्माणबाहेक ठाउँहरु हाल पनि उपलब्ध छन् र विशेष धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेका छन् ।
» लिच्छवि कालमा खासगरी मानदेव र अंशुवर्माले आर्थिक विकासको निमित्त विशेष योगदान पुऱ्याएको देखिन्छ ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. गोपाल तथा महिषपाल दुवै वंशको मुख्य पेशा पशुपालन थियो । ☐

ख. किँरातीहरुको अन्तिम राजा यलम्बर थिए । ☐

ग. च्यासल तथा खोपो जस्ता शब्दहरु किराती कालका शब्द हुन् । ☐

घ. राजा मानदेवले कैलाशकुट भवन तथा नारायणहिटीको निर्माण गरे । ☐

ङ. अंशु बर्माले भारत तथा तिब्बत दुवै तर्फ कुटनीतिक सम्बन्ध विस्तार गर्न उचित रणनिति अवलम्बन गरेका थिए । ☐

## पृष्ठपोषण

**१. माथिको संबाद सुनी सकेपछि अब तल दिइएका प्रश्नको उत्तरहरू दिनुहोस ।**

क. गोपालहरु को थिए?

उत्तर : गोपाल भन्नाले गाईपालक समुदायभन्ने बुझिन्छ ।

ख. महिषपाल वंशको मुख्य बिशेषता के थियो ?

उत्तर : महिषपालहरुको मुख्य बिशेषता भनेको उनीहरु भैसी पाल्ने गर्दथे ।

ग. किरात वंश कसरी सुरू भयो ?

उत्तर : महिषपाल वंशका अन्तिम राजा भुवनसिंहलाई युद्धमा पराजित गरी किरातवंशी राजायलम्बरले शासन गरेका थिए ।

घ. किरात वंशमा भएका केही स्थानहरु जुन अहिले पनि छ, उल्लेख गर्नुहोस ?

उत्तर : चाबहिल, खोपासी, साँगा, टेकु, चाँगु, च्यासल आदि हुन ।

ङ. गोपाल वंश, महिषपाल वंश र किरात वंशको आर्थिक गतिबिधिहरु कस्तो थियो?

उत्तर : गोपालवंशी शासनकालको मुख्य पेशा पशुपालन थियो भने कृषि पनि उल्लेख्य हुन्थ्यो। महिषपाल वंशको पालामा भने भैंसी पाल्न थालियो । अन्य कुरा गोपाल वंशकै जस्तो थियो । किँरातकालमा मानिसहरु कृषि र पशुपालनका साथमा सिकार गर्ने कार्य पनि गर्थे । तीनओटै काल खण्डमा घरेलु उद्योगबाट आफूलाई आवश्यक वस्तु तयारी गरिन्थ्यो ।

**तल दिएको खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् ।**

क. किरात वंशको पहिलो राजा यलम्बर हुन ।

ख. गोपाल भन्नाले गाइपालक सामूदाय बुझिन्छ ।

ग. महिषपाल भन्नाले भैसीपालक सामूदाय बुझिन्छ ।

घ. गोपाल वंशका अन्तिम राजा जीन गुप्त हुन ।

ङ. महिषपाल बर्षका अन्तिम राजा भुवनसिंह हुन ।

च. च्यास शब्दको अर्थ आठसय हो ।

छ. किँराती कालमा भारतीय सम्राट अशोक आफ्नो छोरी चारूमतीको साथमा नेपाल आएका थिए ।

ज. इन्द्रजात्रामा खम्बामा राखिने आकाश भैरवको टाउको राजा यलम्बर भएको मानिन्छ ।

**तल दिईएका जानकारीहरू गोपाल, महिषपाल र किरात काल मध्ये कुन सँग सम्बन्धित छ दाया भागको खाली ठाउँमा उल्लेख गर्नुहोस ।**

क. करिब १५०० बर्ष शासन : किँरातकाल

ख. करिब ५०५ बर्ष शासन : गोपाल

ग. करिब १६१ बर्ष शासन : महिषपाल

घ. भुमि गुप्त : गोपाल

ङ. यलम्बर : किँरातकाल

च. च्यासल : किँरातकाल

छ. चारूमती भ्रमण : किँरातकाल

ज. गाइपालन : गोपाल

झ. भैसीपालन : महिषपाल

ञ. भुवनसिंह : महिषपाल

**माथिको तालिका अध्ययन गरि सकेपछि तलको प्रश्नको उत्तर दिनुहोस ।**

क. अंशुबर्माले छिमेकी राष्ट्र सँग कसरी सुमधुर सम्बन्ध कायम राखे ?

उत्तर : उनले तिब्बती राजा स्रङचङ गम्पोसँगभृकुटीको विवाह गराएर तिब्बतसँगको सम्बन्ध सुधार, भारतका राजा हर्षवर्द्धनसँग सन्धि गरेर भारतसँगको सम्बन्ध सुधार राखे ।

ख. अंशुबर्मा व्यापार व्यवसाय बढाउन कस्ता उपायहरु अपनाएका थिए ?

उत्तर : उनले किसानलाई मर्का पर्नबाट बचाउन कुतसम्बन्धी व्यवस्था र सिँचाइको व्यवस्था, पशुपालनलाई प्रोत्साहन, वैदेशिक व्यापारमा वृद्धि, घरेलु उद्योगलाई प्रोत्सहन, मुद्राको प्रचलन जस्ता सुधारका कार्यहरु सञ्चालन गरेका थिए ।

ग. मानदेवले निर्माण गरेका मुख्य भौतिक संरचना के के हुन ?

उत्तर : चाँगु नारायणमा गरूड स्तम्भ राखी शिलालेख स्थापना, विष्णु विक्रान्तको सुन्दर मूर्ति निर्माण, मान विहारको निर्माण तथा मानगृह नामक राजदरबारको निर्माण गरेका हुन।

घ. बसन्तदेवको पालामा भएको मुख्य सुधारका कामहरु के के हुन ?

उत्तर : उनको पालामा दूतक, सर्वदण्डनायक र महाप्रतिहार जस्ता प्रशासकीय पदको सिर्जना, टिस्टुङ भन्ने ठाउँ (हाल भारत)को शिलालेखमा सबभन्दा पहिले नेपाल शब्दको प्रयोग गरेका हुन।

**माथिको तालिकालाई आधार मानेर तल दायाँ तर्फ दिईएको जानकारीहरू बायाँ तर्फ दिइएको कुन व्यक्ति सँग सम्बन्धित छ जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| क. मानदेव | (ग) युवराज घोषणा गर्ने परम्परा |
| ख. बसन्त देव | (घ) बुढानीलकण्ठको मूर्ति निर्माण |
| ग. अन्शुबमा | (क) मानाङ्क धातुको मुद्रा प्रचलन |
| घ. विष्णु गुप्त | (ङ) भद्राधिवास दरबार निर्माण |
| ङ. नरेन्द्र देव | (ख) दुतक पदको सिर्जना |

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. गोपाल तथा महिषपाल दुवै वंशको मुख्य पेसा पशुपालन थियो । ✓

ख. किराँतीहरुको अन्तिम राजा यलम्बर थिए । ✗

ग. च्यासल तथा खोपो जस्ता शब्दहरु किराती कालका शब्द हुन् । ✓

घ. राजा मानदेवले कैलाशकुट भवन तथा नारायणहिटीको निर्माण गरे । ✗

ङ. अंशुवर्माले भारत तथा तिब्बत दुवैतर्फ कुटनीतिक सम्बन्ध विस्तार गर्न उचित रणनीति अवलम्बन गरेका थिए । ✓

पाठ २

# मध्य कालीन नेपाल

के तपाईँले हनुमानढोका दरबार इसक्वायर , पाटनदरबार इसक्वायर, भक्तपुर दरबार इसक्वायर बारे सुन्नुभएको छ वा ती ठाउँ घुम्नुभएको छ ? तपाईँले गोर्खा दरबार, पाल्पाको रानी महल, नुवाकोट दरबार, रानीपोखरी बारे अवश्य सुन्नुभएको होला । ती दरबार देख्नुभएको पनि होला । यी सबै संरचनाहरु नेपालको मध्यकालीन समयमा निर्माण भएका थिए र यी सम्पदाहरुले नेपालको मध्य कालीन इतिहास बोकेका छन् । नेपालको इतिहासमा मध्यकाल भन्नाले वि. सं. ९३६ अर्थात् नेपाल संवत्पछि तथा पृथ्वी नारायण शाहले काठमाडौंमा विजय हासिल गरेको वि.स. १८२५ सम्मको समयलाई लिइन्छ । नेपालको इतिहासमा मध्य कालीन समयको छुट्टै विशेषता छ । खासगरी नेपालको एकीकरण हुनुभन्दा अगाडिको समय नेपाल कस्तो थियो र नेपालको सांस्कृतिक, सामाजिक तथा आर्थिक अवस्था कस्तो थियो भन्ने कुरा जान्नु आवश्यक छ । यस पाठमा हामी मध्य कालीन नेपाल कस्तो थियो भन्ने बारे अध्ययन गर्ने छौँ र नेपालको विकासक्रम कसरी अगाडि बढ्यो भन्ने कुरा जान्ने कोसिस गर्ने छौँ । आउनुहोस् पाठ सुरू गरौँ है त ।

सबैभन्दा पहिले तल दिइएका चित्रहरु केसँग सम्बन्धित छन् कोठामा भएको विकल्पहरुबाट छान्नुहोस् र तालिकाको दायाँ भागमा लेख्नुहोस् ।

| | | |
|---|---|---|
| पचपन्न झ्याले दरबार, | हनुमानढोका दरबार इसक्वायर, | रानीपोखरी, |
| पाटन दरबार इसक्वायर, | बालाजु बाइस धारा, | भक्तपुर दरबार इसक्वायर |





.............................................. ..............................................





.............................................. ..............................................





..................................................................................................      ...................................................................................................

माथिका चित्रहरु सबै मल्लकालीन समयमा निर्माण भएका हुन् । मल्ल कालीन समयमा निर्माण भएका संरचनाहरु हामीले सजिलै देख्न र अनुभव गर्न सक्छौँ । मध्य कालीन समय भन्नाले खासगरी वि. सं ९३६ (नेपाल संवतको सुरूवात) देखि पृथीनारायण शाहले काठमाडौँ माथि विजय प्राप्त गरेको वि.सं. १८२५ सम्मको समयलाई मानिन्छ । मध्य कालीन समयमा नेपालको काठमाडौँ उपत्यकामा कान्तिपुर, ललितपुर र भक्तपुर गरी तीन राज्य थिए जहाँ मल्लहरुले शासन गरेका थिए । अर्कातर्फ कर्णाली प्रदेशमा बाइसी राज्य र गण्डकीमा चौबिसे राज्यहरु थिए भने पूर्वमा सेन राज्य थिए । यी राज्यहरु बिच एक अर्कामा लडाइँ हुने तथा टुट्ने र जोडिने क्रम निरन्तर हुन्थ्यो । उक्त समयमा धार्मिक रुपले महत्त्वपूर्ण स्थानहरुको निर्माण प्रशस्त भएको देखिन्छ । खासगरी काठमाडौँ उपत्यकाभित्र प्रशस्त दरबार तथा मन्दिरहरुको निर्माण भएको देख्न सकिन्छ । माथिको चित्रहरुमा देखाइएको रानी पोखरी प्रताप मल्लको पालामा, पचपन्न झ्याले दरबार भूपतीन्द्र मल्लको पालामा र बालाजु स्थित बाइसधारा जय प्रकाश मल्लका पालामा निर्माण भएको थियो । त्यसैगरी राजाहरुले राज्य गर्नका  निमित्त दरबारहरु निर्माण गरेका थिए र ती दरबारहरु आजका दिनमा पनि हामीले देख्न सक्छौँ जस्तै गोर्खा दरबार, नुवाकोट दरबार, कीर्तिपुर दरबार, पाल्पाको रानी महल आदि । हाल नेपालको गण्डकी प्रदेश, कर्णाली, मकवानपुर लगायतका ठाउँमा हामी दरबारहरु देख्न सक्छौँ ।

**अब जानकारी अध्ययन गरिसकेपछि तलको खाली ठाउँमा उपयुक्त शब्द खोजेर भर्नुहोस् ।**

क. मध्य कालीन समयको सुरूवात वि.सं. ................................देखि भएको मानिन्छ ।

ख. रानीपोखरीको निर्माण राजा ...................................गरेका हुन् ।

ग. बाइसी राज्यहरु .......................................क्षेत्रमा थिए ।

घ. चौबिसे राज्यहरु ..................................प्रदेशमा थिए ।

ङ. बालाजुको बाइस धाराको निर्माण .................................. गरेका हुन ।

च. मध्य कालीन नेपालमा पूर्वमा ..................राज्यहरु थिए ।

छ. भक्तपुरको पचपन्न झ्याले दरबार ........................................पालामा भएको थियो ।

ज. नेपाल संवत्को सुरूवात वि.सं. ..................................देखि भएको हो ।

झ. पृथ्वीनारायण शाहले वि.सं ...................................काठमाडौँमाथि विजय प्राप्त गरेका थिए ।

ञ. मध्यकालीन समयमा काठमाडौँ उपत्यकामा ........................राजाहरुले शासन गरेका थिए ।



## खोज क्रियाकलाप

**आफ्नो घर नजिकैको पुस्तकालय अथवा इन्टरनेटको अथवा अन्य श्रोत (इतिहास बारे जानेको व्यक्ति) प्रयोग गरी मध्य कालीन समयमा निर्माण भएका कुनै १ ओटा दरबार अथवा मन्दिर अथवा अन्य कुनै संरचना (पाठको सुरुमा दिइएको चित्रहरूबाहेक)हरू बारे जानकारी सङ्कलन गर्नुहोस् र ती संरचनाहरूका बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् ।**

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

**मल्ल कालीन समयमा काठमाडौँ उपत्यकाका विभिन्न राजाहरूले गरेका मुख्य कार्यहरू तलको तालिकामा देखाइएको छ । तालिकामा भएको जानकारीहरूलाई एक एक गरी पढ्नुहोस् र मनन गर्नुहोस् ।**

| राजा | मुख्य कृति/कार्य |
|---|---|
| जयस्थिति मल्ल | पेसागत हकहितको संरक्षण, जग्गालाई अब्बल, दोयम, सिम र चाहार गरी ४ भागमा विभाजन; घर, जमिन बेचबिखन गर्न र बन्धक राख्न पनि पाइने व्यवस्था; माना, पाथी, ढक तराजुमा सुधार; चारवर्ण छत्तिस जातको सामाजिक व्यवस्था, जातीय पेसा र पहिरनको व्यवस्था; गोपाल राजवंशावलीको रचना |
| यक्ष मल्ल | भक्तपुर तौमडी टोलको मन्दिर दत्तात्रेय, मन्दिर, यक्षेश्वर मन्दिर, ललितपुरको भीमनाथ मन्दिर स्थापना, |
| रत्न मल्ल | तामाको मुद्रा प्रचलन; तलेजु मन्दिर निर्माण; पशुपतिमा दक्षिणकाली, सप्तर्षि र अष्टमातृकाका मूर्ति स्थापना |
| महीन्द्र मल्ल | उपत्यकामा चाँदीको मोहोर (महीन्द्र मल्ली) चलाएका, तलेजुनजिक महीन्द्रेश्वर महादेव मन्दिर निर्माण, सबै जनताले खाएपछि मात्र खाने राजा, जनताको मृत्युमा पनि छाक छाड्ने राजा |
| लक्ष्मी नरसिंह मल्ल | तलेजु भवानीको मन्दिरअगाडि खम्बा गाडेर सुनको मालम्बा लगाइएको धातुको सिंह स्थापना (१६९९), हनुमान ढोका दरबारको विस्तार, मोहनचोक, सुन्दरी चोक, नासलचोक, भण्डारखाल बगैँचाको निर्माण, हनुमानढोका, दरवारक्षेत्रमा विश्वरुपको सुनौलो मूर्ति स्थापना, हनुमानढोकाबाहिर २ ओटा हनुमानका मूर्ति स्थापना, नासलचोकमा नृसिंहको मूर्ति स्थापना, गुह्येश्वरी, दक्षिणकालीको स्थापना, पशुपतिमा कोटिलिङ्ग स्थापना |
| प्रताप मल्ल | रानीपोखरीको निर्माण, गाईजात्राको चौध चलन चलाएका, साहित्यकार, सङ्गीत प्रेमी, न्यायप्रेमी, बज्रयोगिनी लगायत धेरै मन्दिरहरुको निर्माण गरेका, पन्। भाषाका ज्ञाता |
| जयप्रकाश मल्ल | कुमारीचोक स्थापना, कुमारीको रथयात्रा आरम्भ, बालाजुको २२ मध्ये २१ धारा निर्माण |
| सिद्धिनरसिंह मल्ल | पाटनको कृष्ण मन्दिर निर्माण, भण्डारखालको धारा पोखरी निर्माण |
| जगज्ज्योति मल्ल | भक्तपुरमा बिस्केट जात्रा सुरु गरेका |
| भूपतीन्द्र मल्ल | भक्तपुर दरबार क्षेत्रका कलाकृति, ५५ झ्याले दरबार, मालती चोक निर्माण । |

**१. अब तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. जयस्थिति मल्लले जग्गालाई कति भागमा विभाजन गरेका थिए ? ती के के हुन् ?

उत्तर :.......................................................................................................................

.......................................................................................................................

ख. महीन्द्र मल्ल जनतासँग कसरी जोडिएका थिए ?

उत्तर :...................................................................................................................................

...........................................................................................................................................

ग. राजा लक्ष्मी नरसिंह मल्लले स्थापना गरेका मूर्तिहरु के के थिए ?

उत्तर :...................................................................................................................................

...........................................................................................................................................

घ. "प्रताप मल्ल राजा हुनुको साथसाथै विभिन्न विद्यामा जानकार थिए"। यस भनाइका आधारहरु के के हुन् ?

उत्तर :...................................................................................................................................

...........................................................................................................................................

ङ. सामाजिक क्षेत्रमा जयस्थिति मल्लले गरेका कार्यहरु के के थिए ?

उत्तर :...................................................................................................................................

...........................................................................................................................................

**२. तल बायाँ भागमा केही मल्ल राजाको नाम दिइएको छ भने दायाँ भागमा मल्ल कालीन समयमा भएका केही कार्यहरूका बारेमा दिइएको छ। तल दिइएको जानकारीको आधारमा बायाँ भागमा भएको जानकारी कुन राजासँग सम्बन्धित छ जोडा मिलाउनुहोस्।**

| राजाहरू | | कार्यहरू |
|---|---|---|
| क. प्रताप मल्ल | | विस्केट जात्रा |
| ख. लक्ष्मीनरसिंह मल्ल | | कुमारी रथ यात्रा |
| ग. जयस्थिति मल्ल | | चाँदीको मोहोर |
| घ. रत्न मल्ल | | ५५ झ्याले दरबार |
| ङ. जयप्रकाश मल्ल | | गाईजात्रा चौध चलन |
| च. जगज्ज्योति मल्ल | | ढक तराजुमा सुधार |
| छ. भूपतीन्द्र मल्ल | | तामाको मुद्रा प्रचलन |
| ज. महीन्द्र मल्ल | | भण्डार खाल बगैंचा |

**३. तल दिइएका मन्दिर/मूर्तिहरू कसको पालामा निर्माण भएको हो दायाँ भागमा भएको खाली ठाउँमा भर्नुहोस् ।**

| मन्दिर/मूर्ति | राजाको नाम |
|---|---|
| क. पाटनको कृष्ण मन्दिर | ............................................... |
| ख. बज्रयोगिनी मन्दिर | ............................................... |
| ग. हनुमानढोकाबाहिर हनुमानको मूर्ति | ............................................... |
| घ. महीन्द्रेश्वर महादेव | ............................................... |
| ङ. दत्तात्रेय मन्दिर | ............................................... |
| च. तलेजु मन्दिर | ............................................... |
| छ. गृह्येश्वरी मन्दिर | ............................................... |
| ज. भीमनाथ मन्दिर | ............................................... |

**४. माथिको तालिकालाई आधार मानेर मल्लकालीन समयमा भएका केही सामाजिक तथा सांस्कृतिक विकासका कार्यहरूलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।**

| सामजिक विकास | सांस्कृतिक विकास |
|---|---|
| | |

हामीले यस पाठको सुरूमा मध्य कालीन समयको सुरूवात नेपाल संवत्सँगै भएको भन्नेकुरा उल्लेख गरेका थियौँ । नेपाल संवत्को सुरूवात शङ्खधर साख्वाले गरेका हुन् । हाल विशेष गरी काठमाडौँ उपत्यकाका नेवार सामुदायले यसलाई प्रयोग गर्दै आएका छन् । के तपाईँलाई नेपाल संवत्को सुरूवात कसरी भएको भन्ने थाहा छ ? नेपाल संवत्को सुरूवात सम्बन्धी एउटा रमाइलो कथा छ, उक्त कथा पढौँ है त ।



शङ्धर साख्वा दैनिकरुपमा विष्णुमती किनारमा स्नान गर्न जाँदा लोटामा बालुवा हालेर ल्याउँथे । बालुवामा भएको सुन छानेर प्रशोधन गरी राख्ने गर्थे । धेरै वर्षको उनको यो मिहिनेतले धेरै सुन जम्मा भयो । शङ्खधरलाई यत्तिका धेरै सुन राखेर के गर्नु बरू यो सुनले सबै जनताको ऋण तिरिदिन पाए ऋणमुक्त हुने थिए भन्ने लाग्यो । उनले राजासँग सल्लाह गरेर सबै जनताको ऋण तिरिदिए ।



*रत्नपार्क स्थित शङ्धर साख्वाको प्रतिमा*

त्यसैको सम्झनामा वि.सं. ९३६ देखि नेपाल संवत् चलेको हो । हरेक वर्ष गोवर्धन पूजाका दिनलाई नेपाल संवत्अनुसार नयाँवर्षका रुपमा मनाउने गरिन्छ । शङ्खधर साख्वाले हातमा शङ्ख लिएको आफ्नो शालिक पशुपतिमा राख्न लागाए । त्यसैले उनलाई शङ्खधर (हातमा शङ्ख लिएका) भनिएको हो । यस्तो उपकारी कार्य गरी मौलिक नेपाली संवत् चलाएको हुनाले नै शङ्खधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरिएको छ । नेपाल संवत् १ देखि नेपालको इतिहासमा मध्यकालको सुरूवात भएको मानिन्छ ।



## अन्तरक्रियात्मक क्रियाकलाप

तपाइँको कुनै नेवार साथी हुनुहुन्छ भने उहाँसँग नेपाल संवत्बारे जानकारी हासिल गर्नुहोस् । यदि यसरी जानकारी हासिल गर्न नसकेमा इन्टरनेट अथवा अन्य कुनै श्रोतमार्फत नेपाल संवत् बारे जानकारी हासिल गर्नुहोस् । नेपाल संवत्अनुसार हालको मिति के हो र नेपाल संवत् कसरी मनाइन्छ भन्ने जानकारी लिनुहोस् र छोटकरीमा लेख्नुहोस् । नेपाल संवत्सँग सम्बन्धित अन्य थप जानकारी जस्तै चाडबाड बारे जानकारी प्राप्त भएमा उक्त जानकारी पनि उल्लेख गर्नुहोस् ।

...........................................................................................................

...........................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

## परियोजना कार्य

यदि तपाइँ काठमाडौँ उपत्यका अथवा आसपासमा हुनुहुन्छ भने मल्ल कालीन दरबार/स्मारक/मूर्ति/मन्दिरको भ्रमण गर्नुहोस् । यदि टाढा हुनुहुन्छ भने इन्टरनेट अथवा पुस्तकालयमा भएका पुस्तकको सहायताले कुनै एक मल्ल कालीन दरबार/स्मारक/ मूर्ति/ मन्दिरको जानकारी हासिल गर्नुहोस् फोटोसहित राखेर एउटा छोटो जानकारी लेख्नुहोस् र आफ्नो साथी वा परिवारका सदस्यलाई देखाउनुहोस् ।

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

........................................................................................................................................................

## के तपाईँलाई थाहा छ ?

- मध्यकालीन नेपालको मुख्य आर्थिक गतिविधि कृषि थियो जहाँ सबैभन्दा राम्रो उब्जनी हुने जग्गालाई अब्बल भनिन्थ्यो ।
- कुनै व्यक्तिले राज्य वा राजाको सेवा गरेवापत पुरस्कारमार्फत पाउने जग्गालाई बिर्ता भानिथ्यो भने पूजाआजा तथा धार्मिक तथा सामजिक संस्कार सञ्चालन गर्नका लागि छुटाइएको जग्गालाई गुठीको जग्गा भनिन्थ्यो ।
- मध्य कालमा नेपालले भारततर्फ कस्तुरी, उन, छाला, जडीबुटी, धातुका सामग्री निर्यात गर्थ्यो भने गहनाहरु, चुरा, पोते, रेसम, ढाकाका कपडा, जुत्ताहरु भारतबाट आयात गर्थ्यो ।
- मध्य कालमा नेपालको सामाजिक अवस्था हिन्दु र बौद्ध धर्म परम्परमा आधारित थियो । हिन्दु परम्पराको वर्णाश्रम धर्ममा आधारित भएको हुनाले समाजमा चार वर्ण र छत्तिस जातिहरु थिए र उनीहरुको जातका आधारमा पेसा तोकिएको हुन्थ्यो ।
- मल्ल कालमा मन्त्री वा भारदारलाई अमात्य, भण्डार हेर्ने भण्डारी, औषधी उपचार गर्नेलाई वैद्य, ज्योतिषिलाई जोशी, शिक्षकलाई आचार्य भनिन्थ्यो ।
- मल्ल कालीन चाडपर्वहरुमा घोडेजात्रा, ललितपुरमा रातो मछेन्द्रनाथ र काठमाडौँमा सेतो मछेन्द्रनाथको रथ यात्रा, सिठी नख, जनैपूर्णिमा, कृष्णाष्टमी, इन्द्रजात्रा, गाईजात्रा, विस्केट जात्रा, दसैँ, तिहार, म्हपूजा, बालाचतुर्दशी आदि थिए ।

## यस पाठमा सम्झनुपर्ने मुख्य बुँदाहरू

- मध्य कालीन समयको सुरूवात नेपाल संवत्सँगै भएको मानिन्छ, नेपाल संवत्को सुरूवात शङ्धर साख्वाले गरेका हुन् ।
- मध्य कालीन समयमा काठमाडौँ उपत्यकामा तीन मल्ल राज्य, कर्णालीमा बाइसी राज्य, गण्डकीमा चौबिसी राज्य तथा पूर्वमा सेन राज्य थिए ।
- मल्ल कालीन समयमा उपत्यकामा मन्दिरै मन्दिरको निर्माण भएको थियो जसका आधारमा धर्मलाई उच्च प्राथमिकता दिइन्थ्यो भन्ने बुझिन्छ ।
- नेपालको सांस्कृतिक महत्त्व बढाउन मल्लकालीन समयमा बनेका संरचनाहरुले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।
- मध्यकालीन समयमा साना साना राज्यहरु विविध कारणले गर्दा टुक्रिने र जोडिने क्रम निरन्तर भएको थियो ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. जातलाई पेसागत रुपमा हेरिने चलन मल्ल कालीन समयमा भएको थियो । ☐

ख. मध्य कालीन समय कृषि तथा व्यापारमा आधारित थियो ।

ग. जनताले खाएपछि मात्र खाने र जनताको मृत्यु पछि छाक छोड्ने राजाका रुपमा प्रताप मल्ललाई लिइन्छ ।

घ. मल्लकालीन समयमा तामा तथा चाँदीको मुद्रा प्रचलनमा थियो ।

ङ. भक्तपुरको विस्केट जात्रा, तथा कुमारीको रथ यात्राको सुरूवात भूपतीन्त्र मल्लका पालामा सुरू भएको थियो ।

## पृष्ठपोषण

**सबैभन्दा पहिले तल दिइएका चित्रहरू केसँग सम्बन्धित छन् कोठामा भएको विकल्पहरूबाट छान्नुहोस् र तालिकाको दायाँ भागमा लेख्नुहोस् ।**

| | |
|---|---|
| पहिलो चित्र | पाटन दरबार इसक्वायर |
| दोस्रो चित्र | भक्तपुर दरबार इसक्वायर |
| तेस्रो चित्र | हनुमानढोका दरबार इसक्वायर |
| चौँथो चित्र | पचपन्न झ्याले दरबार |
| पाँचौँ चित्र | रानीपोखरी |
| छैठौँ चित्र | बालाजु बाइस धारा |

**अब जानकारी अध्ययन गरिसकेपछि तलको खाली ठाउँमा उपयुक्त शब्द खोजेर भर्नुहोस् ।**

क. मध्य कालीन समयको सुरूवात वि.सं ९३६ देखि भएको मानिन्छ ।

ख. रानीपोखरीको निर्माण राजा प्रताप मल्लले गरेका हुन् ।

ग. बाइसी राज्यहरु कर्णाली क्षेत्रमा थिए ।

घ. चौबिसे राज्यहरु गण्डकी प्रदेशमा थिए ।

ङ. बालाजुको बाइस धाराको निर्माण जयप्रकाश मल्लले गरेका हुन् ।

च. मध्य कालीन नेपालमा पूर्वमा सेन राज्यहरु थिए ।

छ. भक्तपुरको पचपन्न झ्याले दरबार भूपतीन्त्र मल्लको पालामा भएको थियो ।

ज. नेपाल संवत्को सुरूवात वि.सं. ९३६ देखि भएको हो ।

झ. पृथ्वीनारायण शाहले वि.सं १८२५ काठमाडौँ माथि विजय प्राप्त गरेका थिए ।

ञ. मध्य कालीन समयमा काठमाडौँ उपत्यकामा मल्ल राजाहरुले शासन गरेका थिए ।

**अब तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

**क. जयस्थिति मल्लले जग्गालाई कति भागमा विभाजन गरेका थिए ? ति के के हुन् ?**

उत्तर : उनले जग्गालाई अब्वल, दोयम, सिम र चाहार गरी ४ भागमा विभाजन गरेका थिए ।

**ख. महीन्द्र मल्लले जनतासँग कसरी जोडिएका थिए ?**

उत्तर : उनी सबै जनताले खाएपछि मात्र खाने राजा थिए भने जनताको मृत्युमा पनि छाक छाड्ने राजा थिए ।

**ग. राजा लक्ष्मी नरसिंह मल्लले स्थापना गरेका मूर्तिहरू के के थिए ?**

उत्तर : उनले बनाएका मूर्तिहरुमा हनुमानढोका, दरबारक्षेत्रमा विश्वरुपको सुनौलो मूर्ति, हनुमानढोकाबाहिर २ ओटा हनुमानका मूर्ति, नासलचोकमा नृसिंहको मूर्ति, गुह्येश्वरी, दक्षिणकाली मूर्ति आदि हुन् ।

**घ. “प्रताप मल्ल राजा हुनुका साथसाथै विभिन्न विद्यामा जानकार थिए”। यस भनाइका आधारहरू के के हुन् ?**

उत्तर : उनी राजा हुनुको साथै साहित्यकार, सङ्गीत प्रेमी, न्यायप्रेमी तथा पन्। भाषाका ज्ञाता थिए ।

**ङ. सामाजिक क्षेत्रमा जयस्थिति मल्लले गरेका कार्यहरू के के थिए ?**

उत्तर : सामाजिक क्षेत्रमा उनले गरेका कार्यहरु पेसागत हकहितको संरक्षण, माना, पाथी, ढक तराजुमा सुधार; चारवर्ण छत्तिस जातको सामाजिक व्यवस्था, जातीय पेसा र पहिरनको व्यवस्था आदि हुन् ।

**तल बायाँ भागमा केही मल्ल राजाको नाम दिइएको छ भने दायाँ भागमा मल्लकालीन समयमा भएका केही कार्यहरूको बारेमा दिइएको छ । तल दिइएको जानकारीका आधारमा बायाँ भागमा भएको जानकारी कुन राजासँग सम्बन्धित छ जोडा मिलाउनुहोस् ।**

| राजाहरू | कार्यहरू |
|---|---|
| क. प्रताप मल्ल | (च) विस्केट जात्रा |
| ख. लक्ष्मी नरसिंह मल्ल | (ङ) कुमारी रथ यात्रा |
| ग. जयस्थिति मल्ल | (ज) चाँदीको मोहोर |
| घ. रत्न मल्ल | (छ) ५५ झ्याले दरबार |
| ङ. जयप्रकाश मल्ल | (क) गाईजात्रा |
| च. जगज्योति मल्ल | (ग) ढक तराजुमा सुधार |
| छ. भूपतीन्द्र मल्ल | (घ) तामाको मुद्रा प्रचलन |
| ज. महीन्द्र मल्ल | (ख) भण्डार खाल बगैंचा |

**५. तल दिइएका मन्दिर/मूर्तिहरू कसका पालामा निर्माण भएको हुन् दायाँ भागमा भएको खाली ठाउँमा भर्नुहोस् ।**

| मन्दिर/मूर्ति | राजाको नाम |
|---|---|
| क. पाटनको कृष्ण मन्दिर | सिद्धि नरसिंह मल्ल |
| ख. बज्रयोगिनी मन्दिर | प्रताप मल्ल |
| ग. हनुमानढोका बाहिर हनुमानको मूर्ति | लक्ष्मी नरसिंह मल्ल |
| घ. महीन्द्रेश्वर महादेव | महीन्द्र मल्ल |
| ङ. दत्तात्रेय मन्दिर | यक्ष मल्ल |
| च. तलेजु मन्दिर | लक्ष्मी नरसिंह मल्ल |
| छ. गृह्येश्वरी मन्दिर | लक्ष्मी नरसिंह मल्ल |
| ज. भीमनाथ मन्दिर | यक्ष मल्ल |

**झ. माथिको तालिकालाई आधार मानेर मल्लकालीन समयमा भएका केही सामाजिक तथा सांस्कृतिक विकासका कार्यहरूलाई तालिकामा प्रस्तुत गर्नुहोस् ।**

| सामजिक विकास | सांस्कृतिक विकास |
|---|---|
| पेसागत हकहितको संरक्षण, घर, जमिन बेचविखन गर्न र बन्धक राख्न पनि पाइने व्यवस्था; चारवर्ण छत्तीस जातको सामाजिक व्यवस्था, जातीय पेसा र पहिरनको व्यवस्था आदि | विभिन्न मन्दिर तथा मूर्तिहरु निर्माण, कुमारी प्रथा, विस्केट जात्रा, गाईजात्रा आदि |

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. जातलाई पेसागत रुपमा हेरिने चलन मल्ल कालीन समयमा भएको थियो । ✓

ख. मध्य कालीन समय कृषि तथा व्यापारमा आधारित थियो । ✓

ग. जनताले खाएपछि मात्र खाने र जनताको मृत्युपछि छाक छोड्ने राजाका रुपमा प्रताप मल्ललाई लिइन्छ । ✗

घ. मल्लकालीन समयमा तामा तथा चाँदीको मुद्रा प्रचलनमा थियो । ✓

ङ. भक्तपुरको विस्केट जात्रा, तथा कुमारीको रथ यात्राको सुरूवात भूपतीन्द्र मल्लको पालामा सुरू भएको थियो । ✗

पाठ 3

# आधुनिक कालीन नेपाल

तपाईंले पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेको कुरा सुन्नुभएको होला र नेपाल र अङ्ग्रेज बिचको लडाइँ, नेपालमा भएको राणा शासन तथा पञ्चायत व्यवस्थाका बारेमा अवश्य सुन्नुभएकोहोला ? तपाईंले माओवादी आन्दोलनका बारेमा सुनेको वा अनुभव गर्नं भएको होला, राज दरबार हत्याकाण्ड, २०७२ को महाभूकम्प, भारतले नेपालमा गरेको नाकाबन्दी, तथा राजाले दरबार छोडेर सामान्य जीवन बिताएका बारेमा अवश्य पनि जानकारी छ होला । यी सबै घटनाहरु आधुनिक कालीन नेपालका घटनाहरु हुन् । आधुनिक कालीन नेपालको इतिहासका रुपमा पृथ्वीनारायण शाहले काठमाडौँमा विजय हासिल गरेको वि.सं. १८२५ देखि हालसम्मको समयलाई लिइन्छ । यस समयमा नेपालमा थुप्रै राजनीतिक परिवर्तनहरु भए जुन राजनीतिक परिवर्तनमा हामी कुनै न कुनै हिसाबले जोडिन पुगेका छौँ । हाल जे जति परिवर्तनहरु भएका छन ती सबै परिवर्तनहरु कुनै न कुनै राजनीतिक घटनाका उपज हुन् । यस पाठमा हामी नेपालको एकीकरणपश्चात् नेपालमा के कस्ता परिवर्तनहरु भए भन्ने बारे अध्ययन गर्नेछौँ । यसका साथै नेपालमा भएका प्रमुख घटनाहरु ती घटनाहरुसँग सम्बन्धित विभिन्न पक्षहरुका बारेमा छलफल गर्ने छौँ । साथै मुख्य मुख्य घटनामा योगदान पुऱ्याएका केही चर्चित व्यक्तिहरुबारे पनि जान्ने कोसिस गर्ने छौँ । आउनुहोस् पाठ सुरू गरौँ है त ।

यस पाठमा नेपालको आधुनिक काललाई तीन भागमा विभाजन गरेर उल्लेख गरिएको छ । पहिलो खण्डमा पृथ्वीनारायण शाह १८२५ देखि राणा शासन अन्त्य भएको २००७ सम्म, दोस्रो खण्डमा २००७ देखि २०४७ र तेस्रोमा खण्डमा २०४७ पछिका मुख्य मुख्य घटनाहरुलाई समेटिएको छ । सर्वप्रथम पहिलो खण्डसम्बन्धी जानकारी लिउँ है त । तलको तालिकामा दिइएको जानकारी अध्ययन गर्नुहोस् मनन गर्नुहोस् ।

**पृथ्वीनारायण शाह देखि राणा शासनसम्म**

| मिति (वि.सं.) | घटना |
|---|---|
| १८२५ असोज १३ | पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकालाई वरिपरि घेराबन्दी गरेर आक्रमण गरी काठमाडौं माथि विजय प्राप्त गरेका, |
| १८७१ | नेपाल र अङ्ग्रेजको इस्ट इन्डिया कम्पनी बिच युद्ध सुरू, जुन युद्धमा अमरसिंह थापा, भक्ति थापा, बलभद्र कुँवर लगायतले बहादुरी साथ लडेका तर नेपालले ठुलो भूभाग गुमाउन पुगेको, |
| १८७२ | सुगौली सन्धि भएको जसअनुसार नेपालले आफ्नो तीन भागको एक भाग अङ्ग्रेजलाई बुझाउनुपरेको, नेपालको सिमाना मेची र काली नदीका बिचमा सीमित रहन पुगेको, |
| १९०३ असोज २ | दरबारमा कोतपर्व काण्डमार्फत जङ्गबहादुर राणा प्रधानमन्त्री बनेका थिए, उनले राजाल( ाई नाममात्रको राजा बनाई सम्पूर्ण अधिकार आफ्नै हातमा लिई आफूलाई श्री ३ महाराज घोषित गरेका थिए । |
| १९१४ | प्रधानमन्त्री जङ्गबहादुर राणालाई अङ्ग्रेज सरकारले पहिले कब्जा गरेको भूभाग बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता गरेको |

| मिति (वि.सं.) | घटना |
| --- | --- |
| १९९४ | राणा शासनको विरोध गर्न नेपाल प्रजा परिषद् नामक दलको स्थापना भएको |
| १९९७ | राणाहरुको विरोध गरेको आरोपमा गङ्गालाल श्रेष्ठ, दशरथ चन्द , धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीलाई फाँसीको सजाय दिएको |
| २००६ | भारतमा निर्वासित जीवन बिताइरहेका नेपालीहरुले नेपाली काङ्ग्रेस दल खोली सशस्त्र सङ्घर्ष गर्न मुक्ति सेना खडा गरी राणा शासन विरूद्ध क्रान्तिको सुरूवात भएको, |
| २००७ | दिल्ली सम्झौता भई राणा शासन सदाका लागि अन्त्य भएको |

**१. माथिको तालिकालाई आधार मानेर तलका खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् ।**

क. नेपाल र इस्ट इन्डिया कम्पनी बिचको युद्धमा नेपालले ......................................भूभाग गुमाउनु परेको थियो । (एक तिहाइ, दुई तिहाइ, आधा)

ख. इस्ट इन्डिया कम्पनीले नेपाललाई पछि बाँके, बर्दिया,........................र कञ्चनपुर फिर्ता गरेको थियो । (धनगढी , लुम्बिनी, कैलाली)

ग. जङ्गबहादुर राणाले ................................पश्चात् आफूले आफूलाई प्रधानमन्त्री घोषणा गरेका थिए । (कोतपर्व, राजपर्व, भण्डारखाल पर्व)

घ. राणा शासन विरूद्ध आन्दोलन गर्न नेपालमा सबैभन्दा पहिले ......................................दलको स्थापना भएको थियो। (नेपाली काङ्ग्रेस, नेकपा एमाले, प्रजा परिषद्)

ङ. राणा शासन अन्त्यका लागि भएको सम्झौता ...............................मा भएको थियो । (काठमाडौँ, दिल्ली, अमेरिका)

**२. तल पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेदेखि राणा शासन अन्त्यसम्मका केही घटनाहरू क्रम नमिलाई राखिएको छ । उक्त घटनाहरूलाई पहिले घटेकोदेखि पछि घटेकोसम्म क्रम मिलाएर लेख्नुहोस् ।**

क. नेपाल र अङ्ग्रेज बिचको युद्ध भएको

ख. कोत पर्वमार्फत राणा शासनको सुरूवात

ग. दिल्ली सम्झौता भई राणा शासन अन्त्य

घ. नेपाल प्रजा परिषद्को स्थापना

ङ. सुगौली सन्धि भई नेपाल र अङ्ग्रेजको युद्ध विराम

**अब उक्त घटनाहरूलाई क्रम अनुसार मिलाएर राख्नुहोस्, सबैभन्दा पहिला घटेको घटना सुरुमा र त्यसपछिका घटनालाई क्रमबद्ध रूपमा लेख्नुहोस् ।**

पाहिलो घटना : ..........................................................................................................

दोस्रो घटना : ..............................................................................................................

तेस्रो घटना : ..............................................................................................................

चौँथौ घटना : ..............................................................................................................

पाँचौं घटना : ..............................................................................................................

**के तपाईँलाई कोत पर्व बारेमा थाहा छ ?**

कोत पर्व नेपालको इतिहासमा सबैभन्दा ठूलो हत्याकाण्ड हो । यही काण्डले जङ्गबहादुरको उदय भएको थियो । वि.सं. १९०३ भदौ ३१ गते राति पुर्व महारानी राज्यलक्ष्मीको प्रिय पात्र तथामन्त्रिपरिषद्का सदस्य गगनसिंह खवास को रहस्यमय ढंगले गरिएको हत्यारा पत्ता लगाउनमहारानीको आदेशले वि.सं. १९०३ असोज २ गते शनिबारराति सबै भारदारहरुलाई कोतकोपरिसरमा जम्मा हुने आदेश अनुसार कोतमा भेला भए ।गगनसिंहको हत्यारा पत्ता लगाउने सिलसिलामा एकअर्कामा भनाभन हुँदा जंगबहादुर राणाका मानिसयुद्वीर अधिकारीद्वारासर्वप्रथम अभिमानसिंहबस्नेत मारिएपछि स्थिति चर्किदैं हात हालाहालतथा गोली हानाहान हुँदा अभिमानका साथसाथैत्यतिखेर नेपालका प्रधानमन्त्री फत्तेजङ्ग शाह, दलभंजनपाण्डे लगायतका ४०जनाको हत्या भएको कोतको परिसरमा रगतको खोलाबग्यो।यस्तो विभत्स रदःखलाग्दोस्थितिको फाइदाउठाएर जंगबहादुरप्रधानमन्त्री बने र १०३ वर्षको राणा शासनको उदयभयो।यसपर्व संगैजंगबहादुरले सत्ता आफ्नो हातमा लिएरप्रधानमन्त्री बने र राणा शासनको उदय भयो जुन बि.स. २००७ साल सम्म कायम रह्यो ।



## खोज क्रियाकलाप

नेपालको इतिहासमा सबैभन्दा बीभत्स र विनाशकारी वि.सं. १९९० माघ २ गतेको भूकम्पलाई मानिन्छ । पूर्वको सङ्खुवासभा जिल्लाको चैनपुरलाई केन्द्रबिन्दु बनाएर गएको ८.४ रेक्टर स्केलको यस भूकम्पले देशलाई नराम्ररी प्रभावित बनाएको थियो । यस भूकम्पका बारेमा तपाईँले पक्कै पनि सुन्नुभएको छ होला । उक्त भूकम्पका बारेमा आफ्नो इन्टरनेटको सहायताले जानकारीहरु हासिल गर्नुहोस् र उक्त भूकम्पले पारेका क्षति तथा भूकम्पसँग सम्बन्धित अन्य जानकारीहरु बारेमा छोटकारीमा उल्लेख गर्नुहोस् । १९९० को भूकम्पसँग सम्बन्धित कुनै एउटा फोटो पनि खोजी गरी टाँस्नुहोस् ।

....................................................................................................................................

....................................................................................................................................

....................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................

**माथि हामीले पृथ्वीनारायण शाहको एकीकरणदेखि राणा शासन अन्त्य सम्मको घटना अध्ययन गर्‍यौं अब, २००७ सालको प्रजातन्त्रदेखि २०४७ साल सम्मका घटनाहरूलाई छोटकरीमा अध्ययन गरौं। उक्त घटनाहरूलाई तलको समय तालिकामा देखाइएको छ।**

| | |
|---|---|
| २०१५ | नेपालमा पहिलो पटक आम निर्वाचन भई बि.पी. कोइराला प्रधानमन्त्री भएको |
| २०१७ | पुष १ गते राजा महेन्द्रले मलत्री मण्डल भंग गरी बहुदलीय व्यबस्था अन्त्य गरेर पंचायती ब्यबस्था लागु गरिएको |
| २०१९ | राजा महेन्द्रले नयाँ संबिधान जारी गरेको |
| २०३३ | बिद्यार्थी आन्दोलन सुरु भएको, भारतमा निर्वासनमा रहेका बीपी कोइराला सहित काङ्ग्रेसका नेताहरु नेपाल प्रवेश गरेका |

| | |
|---|---|
| २०३६ | जनताको मत पंचायत ब्यवस्था तर्फ छ कि बहुदलीय ब्यवस्था तर्फ छ भन्ने बुझ्नलाई जनमत संग्रह घोषणा र २०३७ बैशाखमा जनमत संग्रह भएको जसमा पंचायती ब्यवस्था प्रति नै जनताको मत बढी भएको |
| २०४२ | नेपाली काङ्ग्रेसले पंचायती ब्यवस्था बिरुद्धमा अहिंसात्मक सत्याग्रहको सुरुवात गरेको |
| २०४६ | फाल्गुण ७ देखि चैत २६ सम्म पंचायतको बिरुद्ध निरन्तर आन्दोलन भएको जुन आन्दोलन संयक्त बाममोर्चा र नेपाली काङ्ग्रेसले मिलेर संगै गरेका, चैत २६ गते राती राजाबाट पंचायती ब्यवस्था अन्त्य भएको र बहुदलीय ब्यवस्थाको सुरुवात भयो र नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा मन्त्री मण्डल गठन भयो |

माथि हामीले २००७ सालदेखि २०४७ साल सम्मका केही महत्त्वपूर्ण घटनाहरुका बारेमा छोटकरीमा अध्ययन गऱ्यौं । तलको तालिकामा उक्त समयमा नेपालको राजनीतिक घटनाक्रमहरुसँग सम्बन्धित व्यक्तिहरुको फोटो दिइएको छ । उक्त फोटोहरु हेरेर फोटोको दायाँतर्फ उक्त फोटोमा भएको व्यक्तिको नाम र उक्त व्यक्तिसँग सम्बन्धित कुरा (पुऱ्याएको मुख्य योगदान अथवा गरेको कार्य) उल्लेख गर्नुहोस् । व्यक्ति चिन्न र गरेका कार्य थाहा पाउन इन्टरनेट अथवा अन्य व्यक्तिको सहयोग लिन सक्नुहुनेछ । नामहरुको विकल्प यस प्रकारको छ : मदन भण्डारी, साहना प्रधान, राजा वीरेन्द्र, राजा महेन्द्र, गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराई, बिपी कोइराला

| **व्यक्तिहरू** | **नाम तथा योगदान/कार्यहरू** |
|---|---|
|  | |
|  | |

| | |
|---|---|
|  | |
|  | |
|  | |
|  | |
|  | |

**अब २०४६ सालमा बहुदल आएपश्चात् नेपालमा के कस्ता घटनाहरू घटे सङ्क्षिप्तमा अध्ययन गरौँ है त ।**

| मिति | घटना |
|---|---|
| २०४७ कार्तिक २३ | नेपाल राज्यको संविधान २०४७ जारी, संवैधानिक राजतन्त्र लागु, बहुदलीय व्य( वस्थाको सुरूवात |
| २०५२ फाल्गुण १ | माओवादी सशस्त्र सङ्घर्ष सुरू |
| २०५८ जेठ १९ | नारायणहिटी दरबार हत्याकाण्ड, राजपरिवारका सदस्यहरुको मृत्यु (राजा वीरेन्द्रको वंशनाश), राजा ज्ञानेन्द्र नयाँ राजा घोषित, निरङ्कुश शासन चलाउन सुरू |
| २०६२ मङ्सिर ७ | सात राजनीतिक दल र माओवादी बिच दिल्लीमा १२ बुँदे सम्झौता |
| २०६२ चैत्र २४ | राजा ज्ञानेन्द्रको विरूद्ध संयुक्त जनआन्दोलन |
| २०६३ वैशाख ११ | प्रतिनिधि सभा पुनस्स्थापना, आन्दोलनको अन्त्य |
| २०६३ मङ्सिर ५ | नेकपा माओवादी र सरकार बिच शान्ति सम्झौता र माओवादी द्वन्दको अन्त्य |
| २०६३ माघ १ | अन्तरिम संविधान जारी |
| २०६४ चैत्र २८ | संविधान सभाको निर्वाचन सम्पन्न, माओवादी सबै भन्दा ठुलो पार्टी, पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री तथा डा. रामवरण यादव राष्ट्रपतिमा चुनिएको |
| २०६५ जेठ १५ | राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा, राजा ज्ञानेन्द्रबाट नारायणहिटी छाडेर सर्व साधारणका रुपमा जीवनयापन सुरू |
| २०६९ जेठ १४ | संविधान सभा विघटन |
| २०७० मङ्सिर ४ | संविधान सभाको दोस्रो निर्वाचन |
| २०७२ वैशाख १२ | ७.८ रेक्टर स्केलको महाभूकम्प |
| २०७२ असोज ३ | नेपालको संविधान जारी |
| २०७२ असोज ६ | नेपालको संविधानमा असन्तुष्टि जनाउँदै भारतद्वारा नेपालमा नाकाबन्दी |

**१. माथिको तालिका अध्ययन गरिसकेपछि तलका वाक्यहरू सही भएमा (✓) र गलत भएमा (✗) लेख्नुहोस् ।**

क. पहिलो संविधान सभाको विघटन भएपछि हालको संविधान बनेको थियो । ☐

ख. नेपालमा राजपरिवारको हत्या भइसकेपछि राजतन्त्रको अन्त्य भएको थियो । ☐

ग. सात राजनीतिक दल र माओवादी बिच दिल्लीमा सम्झौता भएको थियो । ☐

घ. गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव हुन् । ☐

ङ. वि.सं. २०४७ मा बहुदल आइसकेपछि अन्तरिम संविधान जारी भएको थियो । ☐

**२. तलको चित्रमा वि.सं. २०४७ पछाडि घटेका घटनाहरूको पूरा मिति लेखिएको छ, उक्त मिति कुन घटनाका लागि चिनिन्छ उल्लेख गर्नुहोस् ।**

२०५२ फाल्गुण १ : ........................................................................................................

........................................................................................................

........................................................................................................

२०५८ जेठ १९ : ........................................................................................................

........................................................................................................

........................................................................................................

२०६५ जेठ १५ : ........................................................................................................

........................................................................................................

........................................................................................................

२०७२ बैशाख १२ : ........................................................................................................

........................................................................................................

........................................................................................................

२०७२ असोज ६ : ........................................................................................................

........................................................................................................

........................................................................................................

३. माथिको तालिकामा हामीले केही राष्ट्रिय स्तरका घटनाहरूको बारेमा जानकारी हासिल गर्‍यौं । तपाईंको सामुदायमा पनि केही त्यस्ता महत्त्वपूर्ण घटनाहरू घटेका हुन सक्छन् । विशेष गरी तपाईं जन्मिसकेपछि घटेका कुनै ५ घटनाहरू पहिचान गर्नुहोस् जस्तै : बाढी, पहिरो, आगलागी, भूकम्प जस्ता विपत्, स्थानीय आन्दोलन, कुनै क्रूर घटना, खुसियाली अथवा दुःखदायक घटना आदि । उक्त घटनाहरूको जानकारी हासिल गर्न आफ्नो परिवार वा साथीहरूसँग पनि सहयोग लिन सक्नुहुन्छ । ती घटनाहरूलाई सबैभन्दा पहिले घटेको देखि पछिल्लो समयमा घटेको घटनालाई क्रमअनुसार राख्नुहोस् ।

| मिति (वर्ष मात्र लेख्दा हुने) | घटना |
|---|---|
| | |
| | |
| | |
| | |
| | |



## अनुभवमा आधारित क्रियाकलाप

तपाईंले २०७२ सालमा भारतले नेपालमाथि लगाएको नाकाबन्दी अवश्य पनि थाहा पाउनुभएको होला वा त्यसले पारेको असर प्रतक्ष रुपमा अनुभव गर्नुँ भएकोहोला अथवा अन्य व्यक्तिमार्फत पक्कै पनि सुन्नुभएकोहोला । अब तपाइले भोग्नु भएको, अनुभव गर्नुँ भएको वा सुन्नु भएको आधारमा उक्त समयमा तपाइँ वा तपाइँले चिनेको व्यक्तिको दैनिकीमा उक्त नाकाबन्दीको असर कस्तो पर्‍यो भनेर आफ्नो अनुभव छोटकरीमा उल्लेख गर्नुहोस् ।

.....................................................................................................................

.....................................................................................................................

**के तपाईंलाई थाहा छ, जेठ १९ लाई कालो दिनको रूपमा चिनिन्छ ।**

२०५८ जेठ १९ गते राती दरबारभित्रै राजारानीसहित राजपरिवारका सदस्य र आफन्तको हत्या भएको थियो। उच्च सुरक्षा घेराभित्र रहेको दरबारमा भएको हत्याकाण्ड अहिले पनि रहस्यकै गर्भमा रहेको छ।पारिवारिक जमघटका बेला भएको घटनामा राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, राजकुमार निराजन, राजकुमारी श्रुति, राजकुमार धिरेन्द्र, राजकुमारी जयन्ती, राजकुमारी शान्ती, राजकुमारी शारदा, कुमार खड्ग र अन्य राजपरिवारका सदस्यहरुको हत्या भएको थियो ।छानबीन आयोगले घटनाको मुख्य दोषी दिपेन्द्रलाई माने पनि छानबीन समितिको रिपोर्ट पत्ताउन सकिने कुनै आधार थिएन ।

राजपरिवारका सबै सदस्यको सामूहिक अन्तिम संस्कार गरियो।त्यसको केहि दिनपछी राजा दीपेन्द्रको मृत्युको औपचारिक घोषणा गरियो र ज्ञानेन्द्र नयाँ राजा घोषित भए। राजा ज्ञानेन्द्रले जनताको मन जित्नेगरी शासन गर्न सकेनन र हत्याकाण्डको ७ वर्षपछि २०६५ जेठ १५ गते मुलुकबाट राजतन्त्र समाप्तिको घोषणा गरिएको थियो । २०५८ जेठ १९ गतेलाई नेपाली इतिहासमा कालो दिन भनिएको छ ।

## यस पाठमा सम्झनुपर्ने मुख्य बुँदाहरू

» २०४६ को बहुदलपश्चात् घटेका राजनीतिक घटनाहरु माओवादी आन्दोलन तथा राज परिवार हत्याकाण्ड नेपालमा राजतन्त्र अन्त्यको प्रमुख कारण बन्यो ।

» २०७२ वैशाख १२ गतेको महाभूकम्पले गर्दा सबै राजनीतिक दललाई एकै ठाउँमा आउने अवस्था बन्यो र असोज ३ गते संविधान घोषणा भयो ।

» नेपालको संविधानप्रति असुन्तष्ट समूहलाई सहयोग गर्न भारतले नेपालमा लामो नाकाबन्दी गरेको थियो ।

» पहिलो संविधान सभाले संविधान बनाउन नसकेपछि, संविधान सभा विघटन गरी दोस्रो पटक चुनाव गर्नं परेको थियो ।

» नेपालको हालसम्मका राजनीतिक परिवर्तनमा तत्कालीन माओवादी तथा अन्य सात दलको भूमिकालाई नकार्न सकिंदैन ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिईएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. माओवादी आन्दोलन र दरबार हत्याकाण्ड राजतन्त्र अन्त्यको प्रमुख कारण थिए । ☐

ख. पहिलो संविधान सभापश्चात् संविधान सफल रुपमा बनेर कार्यान्वयनमा आएको थियो । ☐

ग. अन्तरिम संविधान बहुदलीय व्यवस्था प्राप्तिपश्चात् बनाइएको थियो । ☐

घ. नेपालमा राजतन्त्रको अन्त्य विधिवत रुपमा २०६५ जेठमा राजाले नारायणहिटी छोडेपछि भएको थियो । ☐

ङ. भारतीय नाकाबन्दीको प्रमुख कारण नेपालमा संविधान बनेकोप्रति मधेसका केही दलहरुको असुन्तुष्टीलाई सहयोग गर्नं थियो । ☐

## पृष्ठपोषण

**माथिको तालिकालाई आधार मानेर तलको खाली ठाउँमा उपयुक्त शब्द भर्नहोस् ।**

क. नेपाल र इस्ट इन्डिया कम्पनी बिचको युद्धमा नेपालले एक तिहाई भूभाग गुमाउनु परेको थियो ।

ख. इस्ट इन्डिया कम्पनीले नेपाललाई पछि बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता गरेको थियो ।

ग. जङ्गबहादुर राणाले कोतपर्व पश्चात् आफूले आफूलाई प्रधानमन्त्री घोषणा गरेका थिए ।

घ. राणा शासन विरूद्ध आन्दोलन गर्न नेपालमा सबैभन्दा पहिले प्रजा परिषद् दलको स्थापना भएको थियो ।

ङ. राणा शासन अन्त्यका लागि भएको सम्झौता दिल्लीमा भएको थियो ।

**तल पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेदेखि राणा शासन अन्त्यसम्मका केही घटनाहरू क्रम नमिलाई राखिएको छ । उक्त घटनाहरूलाई पहिले घटेकोदेखि पछि घटेकोसम्म क्रम मिलाएर लेख्नुहोस् ।**

क. नेपाल र अङ्ग्रेज बिचको युद्ध भएको

ख. कोत पर्वमार्फत राणा शासनको सुरूवात

ग. दिल्ली सम्झौता भई राणा शासन अन्त्य

घ. नेपाल प्रजा परिषद्को स्थापना

ङ. सुगौली सन्धी भई नेपाल र अङ्ग्रेजको युद्ध विराम

**अब उक्त घटनाहरूलाई क्रम अनुसार मिलाएर राख्नुहोस्, सबैभन्दा पहिला घटेको घटना सुरुमा र त्यसपछिका घटनालाई क्रमबद्ध रूपमा लेख्नुहोस् ।**

**पाहिलो घटना** : नेपाल र अङ्ग्रेज बिचको युद्ध भएको

**दोस्रो घटना** : सुगौली सन्धी भई नेपाल र अंग्रेजको युद्ध बिराम

**तेस्रो घटना** : कोत पर्वमार्फत राणा शासनको सुरूवात

**चौँथो घटना** : नेपाल प्रजा परिषद्को स्थापना

**पाँचौँ घटना** : दिल्ली सम्झौता भई राणा शासन अन्त्य

**तलको तालिकामा ................... विकल्प यस प्रकारको छ : मदन भण्डारी, साहना प्रधान, राजा वीरेन्द्र, राजा महेन्द्र, गणेशमान सिंह, कृष्ण प्रसाद भट्टराई, बिपी कोइराला**

| व्यक्ति हरू | नाम तथा योगदान/कार्यहरू |
|---|---|
| पहिलो चित्र | राजा महेन्द्र |
| दोस्रो | राजा वीरेन्द्र |
| तेस्रो | बिपी कोइराला |
| चौँथो | साहना प्रधान |
| पाँचौं | गणेशमान सिंह |
| छैठौं | कृष्ण प्रसाद भट्टराई |
| सातौं | मदन भण्डारी |

**माथिको तालिका अध्ययन गरिसकेपछि तलका वाक्यहरू सही भएमा (✓) र गलत भएमा (✗) लेख्नुहोस् ।**

क. पहिलो संविधान सभाको विघटन भएपछि हालको संविधान बनेको थियो । ✗

ख. नेपालमा राजपरिवारको हत्या भइसकेपछि राजतन्त्रको अन्त्य भएको थियो । ✓

ग. सात राजनितीक दल र माओवादीबिच दिल्लीमा सम्झौता भएको थियो । ✓

घ. गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव हुन् । ✓

ङ. वि.सं. २०४७मा बहुदल आइसकेपछि अन्तरिम संविधान जारी भएको थियो । ✗

**तलको चित्रमा वि.सं. २०४७ पछाडि घटेका घटनाहरूको पूरा मिति लेखिएको छ, उक्त मिति कुन घटनाका लागि चिनिन्छ उल्लेख गर्नुहोस् ।**

| | |
|---|---|
| २०५२ फाल्गुण १ : | माओबादी जनयुद्धको सुरुवात |
| २०५८ जेठ १९ : | राज दरबार हत्याकाण्ड |
| २०६५ जेठ १५ : | गणतन्त्रको स्थापना |
| २०७२ बैशाख १२ : | महाभूकम्प ७.८ रेक्टर स्केलको |
| २०७२ असोज ६ : | भारतीय नाकाबन्दी |

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. माओवादी आन्दोलन र दरबार हत्याकाण्ड राजतन्त्र अन्त्यका प्रमुख कारण थिए । ✓

ख. पहिलो संविधान सभापश्चात संविधान सफल रुपमा बनेर कार्यान्वयनमा आएको थियो । ✗

ग. अन्तरिम संविधान बहुदलीय व्यवस्था प्राप्तिपश्चात् बनाइएको थियो । ✗

घ. नेपालमा राजतन्त्रको अन्त्य विधिवत् रुपमा २०६५ जेठमा राजाले नारायणहिटी छोडेपछि भएको थियो । ✓

ङ. भारतीय नाकाबन्दीको प्रमुख कारण नेपालमा संविधान बनेको प्रति मधेसका केही दलहरुको असुन्तुष्टिलाई सहयोग गर्नु थियो । ✓

पाठ ४

# हाम्रा राष्ट्रिय विभूतिहरू

परापूर्व समयदेखि अहिलेसम्म आउँदा नेपालको इतिहासमा धेरै महत्त्ववपूर्ण घटनाहरु घटेका पाइन्छन् । नेपालको इतिहास निर्माण गर्न महत्त्ववपूर्ण योगदान पुऱ्याउने व्यक्तित्वलाई राष्ट्रिय विभूति भनिन्छ । यी भनेका यस्ता व्यक्तित्व हुन् जसको नामसँग राष्ट्रको नाम जोडिँदा राष्ट्रको गौरव बढ्छ । जसले नेपाललाई विश्वसामु चिनाउन ठुलो भूमिका खेलेका छन् । नेपालको मौलिक पहिचान संरक्षण र कायम गर्न सहयोग पुऱ्याएका छन् । उदाहरणका लागि एक जना विदेशीका अगाडि गौतम बुद्ध नेपालमा जन्मेका हुन् भन्न पाउँदा हामीलाई ठुलो गौरव लाग्छ । त्यस्ता व्यक्तित्वलाई नेपाल सरकारले विशेष सम्मान गरी राष्ट्रिय विभूति घोषणा गरेको छ । नेपालमा हालसम्म १८ जना व्यक्तित्वलाई राष्ट्रिय विभूतिको मान्यता दिइएको छ ।

आउनुहोस् हाम्रो देशका यस्ता १८ जना राष्ट्रिय विभूतिहरुले पुऱ्याएको योगदानहरु बारे चर्चा गरौँ । यस पाठमा हामी तिनै १८ जना राष्ट्रिय विभूतिहरुको छोटकरीमा वर्णन गर्दै छौँ । ल अब पाठ सुरू गरौँ है त ।

**सबै भन्दा पहिला तलको गितलाई भाकाहाली गाउँ है त ।**

गाऔँ न साथी वीरगाथा वीरहरुको गाऔँ !
नेपालको इज्जत राख्ने उनकै गाथा गाऔँ !!





त्रेता युगका दार्शनिक राजा **जनक** थिए !
सीताजीका पिता उनी निकै ज्ञानी थिए !!
नेपालकी चेली भनी **सीता**जीलाई चिन्ने !
सीताराम सीताराम भन्दै भजन गाउने !!



यही माटामा जन्मेका हुन् हाम्रा **गौतम बुद्ध** !
कमाए ख्याति विश्वभर शान्तिका अग्रदूत !!
लिच्छविकालका सुधारवादी राजा **अंशुवर्मा** !
नेपालको गौरव बढाए उनले संसारभरमा !!





नेपालको कलाकृति फैल्यो सारा चीनमा !
कलाकार **अरनिको** चम्के विश्वभरमा !!
न्याय नपाए गोर्खा आउनू भन्थे **रामशाह !**
न्यायमूलक शासन यिनलाई थियो थाहा !!





नेपालका निर्माता **पृथ्वीनारायण शाह** !
टुक्रिएका अनेक राज्य एउटै पारे वाह !!
नेपालमाथि आँखा गाड्ने अङ्ग्रेजप्रति कट्टर !
जिलेस्पीलाई मार्ने वीर **बलभद्र कुँवर** !!





**अमरसिंह**ले सारा जीवन देशका लागि दिए !
सतलजसम्म नेपालको सिमाना फैलाए !!
राष्ट्रवादी प्रधानमन्त्री **भीमसेन थापा** थिए !
अङ्ग्रेजका कट्टर शत्रु भनी सबले थाहा पाए !!







नेपाली भाषामा कविता रच्ने **भानुभक्त** बने !
रामायणलाई नेपालीमा कविताले उने !!
युगकवि **मोतिराम** भट्ट कहलिए !
कविता र नाटक लेखी प्रसिद्धि कमाए !!



राजा थिए **त्रिभुवन** राजपाठ त्याग्ने !
राणा शासन अन्त्य गरी प्रजातन्त्र ल्याउने !!
नेपाल संवत् पहिलो पटक चलाए **शङ्खधरले** !
गरिब जनता ऋण मुक्त गराई छाडे उनले !!





**पासाङ्ग ल्हामु शेर्पा** हुन् महान् नेपाली महिला !
सगरमाथाको चुचुरामा टेकिन् पहिलो पाइला !!
अहिंसाका पुजारी हुन् **फाल्गुनन्द लिङ्देन !**
लिम्बु भाषा, संस्कृतिका बने उनी भीमसेन !!





सातो जान्थ्यो अङ्ग्रेजको **भक्ति थापा** देख्दा !
कथा जस्तो लाग्ने उनको वीरगाथा सुन्दा !!
**जय पृथ्वीबहादुर सिंह** शिक्षामा परिवर्तन ल्याई !
नेपालको पहिचान विश्व सामु चिनाई !!



**१. माथि हामीले नेपालका १८ जना घोषित विभूतिहरूको बारेमा कविता मार्फत जान्ने मौका पायौँ । तलको तालिकाको बायाँ भागमा विभूतिसँग सम्बन्धित विशेषताहरू दिइएको छ, ती विशेषताहरू कुन विभूतिसँग सम्बन्धित छन्, दायाँ भागमा लेख्नुहोस् ।**

| विभूतिका विशेषता | विभूति |
|---|---|
| १. जसलाई देख्दा अङ्ग्रेजको सात्तो जान्थ्यो | |
| २. प्रजातन्त्रका लागि आफ्नो राजगद्दी त्याग्ने राजा | |
| ३. जनतालाई ऋणबाट मुक्त गराउने व्यक्ति | |
| ४. आफ्ना कलाकृतिबाट संसारभर ख्याति कमाउने कलाकार | |
| ५ . लिम्बू भाषा, जाति तथा संस्कृतिको उत्थानमा योगदान पुऱ्याउने व्यक्ति | |
| ६. अङ्ग्रेज सेनाका कमान्डर जिलेस्पीलाई युद्धभूमिमा मार्ने नेपाली वीर | |
| ७. शिक्षा क्षेत्रमा व्यापक परिवर्तन ल्याउने व्यक्ति | |
| ८. सगरमाथाको चुचुरामा पुग्ने पहिलो महिला | |
| ९. रामायणलाई नेपालीमा लेख्ने व्यक्ति | |
| १०. टुक्रिएका राज्यहरुलाई जोड्ने राजा | |

**२. हाम्रा केही विभूतिहरूलाई अन्य नामले पनि चिनिन्छ, तल उल्लेख गरिएका ती उपनामसँग मेलखाने विभूतिको जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| बलबाहु | भानुभक्त |
| जानकी | भृकुटी |
| सिद्धार्थ | बुद्ध |
| हरिततारा | मोतीराम भट्ट |
| आदिकवि | अरनिको |
| युगकवि | सीता |

**३. माथिका कवितामा नेपालका राष्ट्रिय विभूतिहरूको विशेषताहरू छोटकरीमा उल्लेख गरिएको छ । माथिको कविता एकपटक फेरि पढ्नुहोस् र तलका वाक्यहरू सही छन् भने (✓) र गलत छन् भने (✗) लेख्नुहोस् ।**

क. भानुभक्त आचार्यले रामायणलाई संस्कृतबाट नेपालीमा उल्था गरेका थिए । ☐

ख. सगरमाथाको चुचुरामा पुग्ने पहिलो महिला सीता हुन् । ☐

ग. नेपालको प्रथम प्रधानमन्त्री भीमसेन थापा राष्ट्रवादी थिए । ☐

घ. न्याय हराए गोर्खा जानू भन्ने राजा पृथ्वीनारायण शाह हुन् । ☐

ङ. अंशुवर्मा लिच्छवि कालका सुधारवादी राजा थिए । [ ]

च. त्रेता युगमा जनक नाम गरेका महान् दार्शनिक राजा थिए । [ ]

छ. नेपालको कला संस्कृतिलाई विश्व भर फैलाउने काम भक्ति थापाले गरेका थिए । [ ]

ज. जय पृथ्वीबहादुर सिंहले नेपालको शिक्षा क्षेत्रमा परिवर्तन ल्याउन भूमिका खेलेका थिए । [ ]

झ. फाल्गुनन्दले नेपाली भाषा प्रवर्धनमा भूमिका खेलेका थिए । [ ]

ञ. राणा शासनको अन्त्य गरी प्रजातन्त्र ल्याउन राजा त्रिभुवनको महत्त्वपूर्ण योगदान रहेको छ । [ ]

**हामीले राष्ट्रिय विभूतिका बारेमा कविताका माध्यमद्वारा केही जान्ने मौका पायौँ । अब ती विभूतिहरू बारे थप जान्ने कोसिस गरौँ है त । तल १८ जना राष्ट्रिय विभूतिको परिचय छोटकरीमा दिइएको छ, त्यसलाई पढ्नुहोस् । त्यहाँ केही शब्दहरू छुटेका छन्, ती शब्दहरूलाई बाकसमा दिईएका शब्दबाट मिल्ने शब्द छानी छुटेको ठाउँमा राख्नुहोस् ।**



| **१. राजा जनक** | | | |
|---|---|---|---|
| जनकपुर | राजा | शास्त्र | राष्ट्रिय |

त्रेता युगमा जनक नाम गरेका महान् दार्शनिक .......... थिए । उनको राज्यलाई मिथिला भनिन्थ्यो । यो राज्यको राजधानी हाल नेपालको ................ थियो । मिथिला राज्य गण्डकी र कोसी नदीको बिचमा रहेको थियो । यसैगरी दक्षिणमा गङ्गा नदीदेखि उत्तरमा हिमालयसम्म फैलिएको थियो । उनी त्यति बेलाको भारतीय उपमहाद्वीपमा प्रसिद्ध ज्ञानी महात्मा पनि थिए । उनको दरबारमा विद्वान्हरुको भेला हुन्थ्यो । .............का विषयमा छलफल हुने गर्थ्यो । यस्ता ......... महात्मा जनकको नामबाट नेपालको समेत इज्जत बढेकोले उनलाई ......... विभूति मानिएको हो ।



| **२. सीता** | | | | |
|---|---|---|---|---|
| जनकपुर | जन्मथलो | सीता | नारी | आदर्श |

............राजा जनककी छोरी हुन् । त्यसैले उनलाई जानकी नामले पनि चिनिन्छ । ..........पुरूष भगवान् राम र सीताको विवाह ............मा भएको थियो । विश्वभरका हिन्दुहरुले सीताराम भनेर पुकार्ने गर्छन् । सीता असल, चरित्रवान् र बत्तिस लक्षणले युक्त आदर्श ......... हुन् । सीता नेपालकी चेली भएकीले उनको ............... नेपालको नाम समेत संसारभर नै फैलिएको छ । त्यसैले उनलाई नेपालको राष्ट्रिय विभूतिको सम्मान दिइएको हो ।

| **३. सिद्धार्थ गौतम** | | | | |
|---|---|---|---|---|
| प्रणेता | सारनाथ | वैशाख | चोरी | शान्ति |



सिद्धार्थ गौतम इसा पूर्व. ५६३ .............शुक्ल पूर्णिमाका दिन नेपालको लुम्बिनीमा जन्मेका हुन् । उनी बौद्ध धर्मका .......... हुन् । उनले विहारको ............मा ज्ञान प्राप्त गरी बौद्ध धर्मको प्रचार प्रसार गरे । विश्वले ...........का अग्रदूतका रुपमा भगवान् गौतम बुद्धलाई मान्दछ । नेपालमा जन्म भएकाले उनलाई राष्ट्रिय विभूति बनाइएको हो । भगवान् बुद्धले मानव जीवनलाई दुखबाट मुक्त गर्ने उपायको खोजी गरेका थिए । ...........नगर्नु, झुठो नबोल्नु, खराब विचार मनमा नराख्नु जस्ता उनका उपदेश थिए ।

| **४. अंशुवर्मा** | | | | |
|---|---|---|---|---|
| भृकुटी | तिब्बत | लिच्छवि | फैलिएको | राज्यरोहण |



अंशुवर्मा .............. कालका एक प्रसिद्ध सुधारवादी राजा हुन् । उनले नेपालमा वि. सं. ६६२ मा .............. गरी १६ वर्ष शासन चलाए । अंशुवर्माले उत्तरको चीन तथा ...........सँग सम्बन्ध राम्रो बनाउने उपाय सोचे । यसका लागि आफ्नी छोरी ............को विवाह तिब्बतका राजा स्रोङचोङ गम्पोसँग गरिदिका थिए । त्यस बेला एक जना चिनिया यात्री ह्वेन् साङ नेपाल आएका थिए । उनलाई अंशुवर्मा र उनको शासन व्यवस्था असाध्यै मन पऱ्यो । जसको वर्णन उनले आफ्ना पुस्तकमा गरेका छन् । उनले गर्दा नेपालको नाम देश विदेशमा ............. थियो । यसरी राजा अंशुवर्मालाई नेपालको राष्ट्रिय विभूति बनाइएको हो ।

| **५. अरनिको** | | | | |
|---|---|---|---|---|
| नेतृत्व | स्तूप | बलबाहु | आनिक | वैज्ञानिक |



अरनिकोको बाल्यकालको नाम .............  थियो । वि.सं. १३१० मा १७ वर्षको उमेरमा ८० जना कलाकारको ............ गर्दै उनी चीन गएका थिए । उनी कलाकार, मूर्तिकार, वास्तुविद् र ..............पनि थिए । उनले चीनको बेइजिङमा निर्माण गरेको श्वेत प्यागोडा (पाइतास्ते) नामको ........ अझै छ । चीनका राजा कुब्लाइखाँले अरनिकोको कला खुब मन पराएका थिए । अरनिको निकै सुन्दर भएकाले उनलाई चिनिया भाषामा ............. भनी बोलाउँथे । आनिक भन्दै जाँदा पछि गएर उनको नाम अरनिको हुन गएको हो । अरनिकोले

नेपाली कलालाई विदेशमा प्रचार प्रसार गरी देशको इज्जत बढ्ने काम गरे । त्यसैले उनलाई राष्ट्रिय विभूतिको सम्मान दिइएको हो ।

| ६. राम शाह | | | | |
|---|---|---|---|---|
| सुधारवादी | न्यायप्रेमी | मानापाथी | शासन | उखान |



गोरखा राज्यमा राजा रामशाहले वि. सं. १६६३ देखि १६९० सम्म ............ गरेका थिए । उनी निकै ..................राजा थिए । उनले देशमा.................., ढक तराजुको व्यवस्था गरेका थिए । न्याय दिनका लागि रामशाह निकै सिपालु थिए । त्यसैले 'न्याय हराए गोर्खा जानू' भन्ने .......... त्यस बेला चलेको थियो । उनी समाज सुधारक र .............. राजा थिए । यस्ता देश र जनताका लागि समर्पित राजा भएकाले उनालाई राष्ट्रिय विभूति घोषणा गरिएको हो ।

| ७. पृथ्वीनारायण शाह | | | | |
|---|---|---|---|---|
| एकीकरण | निर्माता | कान्तिपुर | ५० | राष्ट्रवादी |



आधुनिक नेपालका ...............श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म वि. सं. १७७९ पुस २७ गते भएको थियो । उनी वि. सं. १७९९ मा गोरखाका राजा भए । त्यस बेला नेपालमा ............ भन्दा बढी राज्य थिए । उनले नुवाकोट आक्रमणबाट नेपाल ..........सुरूवात गरी नेपालको सिमाना पूर्वमा टिष्टासम्म पुऱ्याएका थिए । उनी ............राजा थिए । उनले वि.सं. १८२५ मा ............. विजय गरेपछि काठमाडौँलाई नै राजधानी बनाई नेपाल राज्य स्थापना गरेका थिए । नेपाल राज्य निर्माण गरेको हुनाले उनलाई राष्ट्रिय विभूतिको सम्मान दिइएको हो ।

## ८. वीर बलभद्र कुँवर



| स्वाभिमान | जनरल | युद्ध | केटाकेटी | किल्ला |
| --- | --- | --- | --- | --- |

वि.सं. १८७१ मा नेपाल र अङ्ग्रेजबिच ......... भएको थियो । त्यतिखेर नेपालको पश्चिममा रहेको नालापानीको ........ बलभद्र कुँवरले सम्हालेका थिए । अङ्ग्रेजले उनलाई अनेक लोभ लालचमा पार्न खोजे । तर उनले आफ्नो............. छाडेनन् । अङ्ग्रेज फौज हजारौँको सङ्ख्यामा थियो । उनीसँग मात्र करिब सातसय जति महिला र ............ सहितको फौज थियो । तर पनि उनले बहादुरीका साथ अग्रेजसँग लडाइँ गरेका थिए । बलभद्र कुँवर सच्चा राष्ट्रभक्त थिए । अदम्य साहसका धनी बलभद्र कुँवरको फौजले ........... जिलेस्पीको सेनालाई परास्त गरेका थिए । यसरी देशका लागि समर्पित वीर योद्धा भएकाले नै उनलाई राष्ट्रिय विभूति घोषणा गरिएको हो ।

## ९. अमरसिंह थापा



| सन्देश | वफादारी | बडाकाजी | तारिफ | विभूति |
| --- | --- | --- | --- | --- |

नेपाल अङ्ग्रेज युद्धमा पश्चिमतर्फको विजय अभियानको नेतृत्व गरेका अमरसिंह थापा पनि नेपालका राष्ट्रिय .............हुन् । उनलाई पनि ठुलो जागिर र सम्पत्तिको लोभलालच देखाइएको थियो । तर उनले 'तिम्रा सेना नायकलाई भोलि युद्धको मैदानमा भेट्न पठाउनू' भन्ने ............. पठाए । उनको यही राष्ट्रिय स्वाभिमान र देशप्रतिको ............. गौरव गर्न लायक छन् । नेपाल एकीकरण अभियानमा उनले देखाएको बहादुरी र सुझबुझको सबैले ........... गर्छन् । अमरसिंह थापाले सरदार, काजी र ............... समेतको उपाधि पाएका थिए ।

## १०. भीमसेन थापा



| धपाउन | सैनिक | समर्पित | डुब्न्या | प्रथम |
| --- | --- | --- | --- | --- |

नेपालका ............. प्रधानमन्त्री भीमसेन थापा राष्ट्रवादी थिए । यीनले अङ्ग्रेजलाई एसियाबाट नै .......... भारतका राजाहरुसँग मिलेर अभियान चलाएका थिए । यिनले देशमा सामाजिक, आर्थिक र .......... सुधार गरेका थिए । राजा रणबहादुर शाह भन्थे "म मऱ्या केही हुन्याछैन तर भीमसेन मऱ्या देश ..........छ ।" यसरी देशका लागि .......... भिमसेन थापालाई सम्मानस्वरुप राष्ट्रिय विभूति घोषणा गरिएको हो ।

| ११. भानुभक्त आचार्य | | | | |
|---|---|---|---|---|
| उदँ | भाषिक | उल्था | रम्घा | भाषा |



भानुभक्त आचार्यको जन्म वि.सं. १८७१ असार २९ गते तनहुँको चुँदी .........गाउँमा भएको थियो। यिनले नेपाली .........साहित्यको विकासमा निकै ठुलो योगदान दिएका थिए। त्यस बेला संस्कृत र .........मा साहित्य रचना गर्ने चलन थियो। भानुभक्तले नेपाली भाषाको प्रचार प्रसार गरेर ...........एकीकरण गरेका थिए। त्यसैले उनलाई राष्ट्रिय विभूतिको सम्मान दिइएको हो। उनले रामायणलाई संस्कृतबाट नेपालीमा ......... गरेका थिए। वधूशिक्षा, भक्तमाला, प्रश्नोत्तर जस्ता उत्कृष्ट कृतिहरु नेपालीमा सृजना गरेका थिए। त्यसैले यीनलाई नेपाली भाषाका आदिकवि भनिन्छ।

| १२. मोतीराम भट्ट | | | | |
|---|---|---|---|---|
| रिपुमर्दिनी | कृति | जन्म | नाटककार | कृष्ण |



मोतिराम भट्टको ......... वि. सं. १९२३ भाद्र .........औँसी, बाबु नारायण भट्ट र माता ............ को कोखबाट भएको थियो। कवि तथा ............. मोतिराम भट्टको, उत्कृष्ट ......... प्रह्लाद थियो। वि.सं. १९५३ मा यिनको ३० वर्षको उमेरमा देहान्त भयो। यिनलाई युगकवि पनि भनिन्छ।

| १३. राजा त्रिभुवन | | | | |
|---|---|---|---|---|
| शुभराज्यभिषेक | त्रिभुवन | राजगद्दी | पश्चात् | राजा |



राजा ............. पृथ्वी वीरविक्रम शाह र माहिली महारानी लक्ष्मी दिव्येश्वरीका छोरा थिए। वि. सं. १९६३ असार १७ मा जन्मेका राजा त्रिभुवन वि. सं. १९६८ मा ......... भए। वि. सं.१९६९ मा यिनको .....................भयो। वि. सं. २००७ कात्तिक २१ मा राणा शासनका विरूद्धमा ............त्यागी भारत प्रस्थान गरेका थिए। दिल्ली सम्झौता .......... वि.सं. २००७ फागुन ७ राणा शासनको अन्त्य भयो। यिनलाई प्रजातन्त्रका पिता पनि भनिन्छ।

**१४. शङ्खधर साख्वा**



| | | | | |
|---|---|---|---|---|
| ऋण | घोषणा | संवत् | समाजसेवी | प्रारम्भ |

शङ्खधर साख्वाले वि. सं. ९३६ मा नेपाल संवत् ............ गरे । सरकारले यिनलाई वि. सं. २०५६ मार्ग ३ गते राष्ट्रिय विभूति .............. गरिएको थियो । यिनले गरिब जनताको ............ आफैँले तिरिदिएका थिए । विक्रम ............२०६५ मङ्सिर ८ मा नेपाल सरकारले यिनलाई राष्ट्रिय विभूतिको मान्यता दियो । यिनी एक ............... पनि थिए ।

**१५. पासाङ ल्ह्यामु शेर्पा**



| | | | | |
|---|---|---|---|---|
| चुचुरो | तारा | शव | लुक्ला | मृत्यु |

वि. सं. २०५० साल वैशाख १० गते सगरमाथाको ........... मा पुग्ने पहिलो नेपाली महिला पासाङ ल्हामु शेर्पा हुन् । उनको जन्म २०१८ मङ्सिर २५ सोलुखुम्बु, ...........मा भएको थियो । यिनलाई वि. सं. २०५९ वैशाख ९ मा राष्ट्रिय विभूति घोषणा गरिएको थियो । नेपाल ............ पदवीबाट विभूषित पनि भइन् । उनको चुचुराबाट फर्कने क्रममा ....... भएको थियो । वि.सं. २०५० वैशाख २३ मा मात्र उनको .............. फेला परेको थियो ।

**१६. फाल्गुनन्द**



| | | | | |
|---|---|---|---|---|
| महागुरू | पुजारी | लिङ्देन | आदर | लिम्बु |

वि.सं. १९४२ कात्तिक २५ गते इलाममा फाल्गुनन्द ......... जन्मेका थिए । उनी ....... परिवारमा जन्मेका हुन् । उनी अहिंसा र धार्मिक भावनाका ..........थिए । लिम्बु जातिको धर्म संस्कृतिको रक्षक ............ फाल्गुनन्दका १२ ओटा उपदेश महत्त्वपूर्ण माानिन्छ । किराँती भाषामा उनलाई महिगुम आङसिमाङ भनेर ........... गरिन्छ । उनको मृत्यु सन् १९४८ मा भएको थियो । उनलाई वि.सं. २०६६ मङ्सिर १६ मा राष्ट्रिय विभूति घोषणा गरिएको थियो ।

| १७. भक्ति थापा | | | | |
|---|---|---|---|---|
| देउथल | सत्रौँ | बहादुरी | ७० | घोषणा |



नेपाल अङ्ग्रेज युद्धमा नेपालका तर्फबाट ............का साथ लड्ने एक वीर योद्धा भक्ति थापा हुन् । उनले ......... वर्षको उमेरमा पनि बडो फुर्तिका साथ ...........को युद्धमा बहादुरी देखाएका थिए । उनको वीरताको कदर गर्दै नेपाल सरकारले वि.सं. २०७८ असार १४ गते ....... विभूतिका रुपमा भक्ति थापालाई ...............गरेको हो ।

| १८. जय पृथ्वीबहादुर सिंह | | | | |
|---|---|---|---|---|
| असार | देव शमशेर | बझाङ | गोरखापत्र | नेपाली |



१९३४ भदौ ७ गते ....................मा जन्मिएका सिंहले लेखेको अक्षराङ्क शिक्षा नाम पुस्तक ................ भाषाको पहिलो पाठ्यपुस्तक मानिन्छ । नेपालको जेठो अखवारका रुपमा लिइने .........................को प्रकाशनमा समेत सिंहको योगदान छ । सिंहले तत्कालीन राणा प्रधानमन्त्री .........................लाई पत्रपत्रिकाको महत्त्व बुझाएर गोरखापत्र प्रकाशन गर्न हौसला प्रदान गरेका थिए । उनलाई नेपाल सरकारले वि.सं. २०७९ ................. ६ गते राष्ट्रिय विभूतिको रुपमा घोषणा गरेको हो ।

**माथि हामीले नेपालमा हालसम्म घोषित १८ विभूतिहरूको योगदानका बारेमा छोटकरीमा ज्ञान हासिल गर्‍यौं । तपाईंको विचारमा हाम्रा राष्ट्रिय विभूतिहरूको सम्मान कसरी गर्न सकिन्छ ? तल कोठामा दिइएको शब्दहरूको सहायताले विभूतिहरूलाई सम्मान गर्ने तरिका आफ्नो भाषामा लेख्नुहोस् । सजिलोका लागि एउटा उदाहरण प्रस्तुत गरिएको छ । अब उदाहरण दिए जसरी अन्य वाक्यहरू बनाउनुहोस् ।**

हुलाक टिकट प्रकाशन, रूपियाँ नोट प्रकाशन, जन्म जयन्ती कार्यक्रमको आयोजना, -याली, माल्यार्पण, मरणोपरान्त पदक,सालिक निर्माण, सङ्ग्रहालय निर्माण, बाटाकोनामकरण

उदाहरण : विभूतिको सम्मानमा सरकारले फोटो अङ्कित हुलाक टिकट प्रकाशन गर्छ ।

१. ..................................................................................

२. ..................................................................................

३. ..........................................................................................

४. ..........................................................................................

५. ..........................................................................................

६. ..........................................................................................

७. ..........................................................................................

८. ..........................................................................................



## अनुभवमा आधारित क्रियाकलाप

हाम्रा राष्ट्रिय विभूति मध्ये तपाईंले एकदमै धेरै सुन्नु भएको अथवा तपाईंलाई मन पर्ने कुनै एक राष्ट्रिय विभूतिका बारेमा हालसम्म तपाईंले सुनेका र थाहा पाएका कुराहरु समेटी आफ्नै भाषामा उक्त विभूतिको जीवनी तयार पार्नुहोस् र आफ्नो साथी वा परिवारका सदस्यलाई सुनाउनुहोस् ।

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

## यस पाठमा सम्झनुपर्ने मुख्य बुँदाहरू

» नेपालको इतिहास निर्माण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्वलाई राष्ट्रिय विभूति भनिन्छ ।

» हाम्रा विभूतिहरु हामी सबै नेपालीहरुका प्रेरणाका स्रोत हुन् । उनीहरुका साहस, देशभक्ति, राष्ट्रप्रतिको प्रेम, त्याग, बलिदान र सेवाभाव हाम्रा लागि अनुकरणीय छन् ।

» नेपाल सरकारले आधिकारिक रुपमा हालसम्म १८ जना व्यक्तिलाई राष्ट्रिय विभूति घोषित गरेको छ । जसको आदर र सम्मान गर्नु हामी सबैको कर्तव्य हो ।

» राष्ट्रिय विभूतिका रुपमा सम्मानित १८ जना व्यक्तिहरुमा राजा जनक, सीता, गौतम बुद्ध, अंशुवर्मा, अरनिको, रामशाह, पृथ्वीनारायण शाह, वीर बलभद्र कुँवर, अमरसिंह, भिमसेन थापा, भानुभक्त, मोतिराम भट्ट, राजा त्रिभुवन, शङ्खधर साख्वा, पासाङ ल्हामु शेर्पा, फाल्गुन्दन लिङ्देन, भक्ति थापा र जय पृथ्वीबहादुर सिंह हुन् ।

» विभूतिहरुको सम्मानमा सरकारले बेला बेलामा फोटो अङ्कित हुलाक टिकट प्रकाशन गर्ने गर्छ । उनीहरुका जन्म जयन्ती मनाउने गर्छ । उनिहरुका जीवनी तथा योगदानहरुका बारेमा पुस्तिका प्रकाशन गर्ने गर्छ ।

» नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले उनीहरुको सम्झनामा सङ्ग्रहालय निर्माण, सालिक निर्माण, मरणेपरान्त पदक दिने, उनीहरुका नामबाट सडकहरुको नामकरण गर्ने जस्ता कार्य गर्छ ।

» हाम्रा केही विभूतिहरु विभिन्न उपनामले पनि चिनिन्छन् । जस्तैः अरनिकोलाई बलबाहुको नामले पनि चिनिन्छ । सीतालाई जानकी, बुद्धलाई सिद्धार्थ, भानुभक्तलाई आदिकवि र मोतिराम भट्टलाई युगकविको उपनामले चिनिन्छ ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. रामायणलाई नेपाली भाषामा अनुवाद गर्ने काम मोतीराम भट्टले गरेका हुन् । [ ]

ख. 'न्याय नपाए गोर्खा जानू' भन्ने भनाइ राम शाहसँग सम्बन्धित छ । [ ]

ग. नेपालको स्वास्थ्य क्षेत्रमा अमूल्य योगदान पुऱ्याएबापत जय पृथ्वीबहादुर सिंहलाई राष्ट्रिय विभूति घोषणा गरिएको हो । [ ]

घ. अमरसिंह थापा, बलभद्र कुँवर र भक्ति थापाले आफ्नो वीरताको कारणले चिनिएका हुन् । [ ]

ङ. हाल राष्ट्रिय विभूतिहरुको सम्मानमा हुलाक टिकट बनाउन थालिएको छ । [ ]

च. अरनिको, भृकुटीलगायतका राष्ट्रिय विभूतिहरुले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए । [ ]

## पृष्ठपोषण

माथि हामीले नेपालका १८ जना घोषित विभूतिहरुका बारेमा कवितामार्फत जान्ने मौका पायौँ । तलको तालिकाको बायाँ भागमा विभूतिसँग सम्बन्धित विशेषताहरु दिइएको छ, ती विशेषताहरु कुन विभूतिसँग सम्बन्धित छन्, दायाँ भागमा लेख्नुहोस् ।

| विभूतिका विशेषता | विभूति |
|---|---|
| १. जसलाई देख्दा अङ्ग्रेजको सात्तो जान्थ्यो | भक्ति थापा |
| २. प्रजातन्त्रका लागि आफ्नो राजगद्दी त्याग्ने राजा | त्रिभुवन |
| ३. जनतालाई ऋणबाट मुक्त गराउने व्यक्ति | शङ्खधर |
| ४. आफ्ना कलाकृतिबाट संसारभर ख्याति कमाउने कलाकार | अरनिको |
| ५. लिम्बू भाषा, जाति तथा संस्कृतिको उत्थानमा योगदान पुऱ्याउने व्यक्ति | फाल्गुनन्द लिङ्देन |
| ६. अङ्ग्रेज सेनाका कमान्डर जिलेस्पीलाई युद्धभूमिमा मार्ने नेपाली वीर | बलभद्र कुँवर |
| ७. शिक्षा क्षेत्रमा व्यापक परिवर्तन ल्याउने व्यक्ति | जय पृथ्वीबहादुर सिंह |
| ८. सगरमाथाको चुचुरोमा पुग्ने पहिलो महिला | पासाङ ल्हामु शेर्पा |
| ९. रामायणलाई नेपालीमा लेख्ने व्यक्ति | भानुभक्त |
| १०. टुक्रिएका राज्यहरुलाई जोड्ने राजा | पृथ्वीनारायण शाह |

**हाम्रा केही विभूतिहरूलाई अन्य नामले पनि चिनिन्छ, तल उल्लेख गरिएका ति उपनामसँग मेलखाने विभूतिको जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| बलबाहु | भानुभक्त |
| जानकी | भृकुटी |
| सिद्धार्थ | बुद्ध |
| हरिततारा | मोतीराम भट्ट |
| आदिकवि | अरनिको |
| युगकवि | सीता |

**माथिका कवितामा नेपालका राष्ट्रिय विभूतिहरूको विशेषताहरू छोटकरीमा उल्लेख गरिएको छ । माथिको कविता एकपटक फेरि पढ्नुहोस् र तलका वाक्यहरू सही छन् भने (✓) र गलत छन भने (✗) लेख्नुहोस् ।**

क. भानुभक्त आचार्यले रामायणलाई संस्कृतबाट नेपालीमा उल्था गरेका थिए । ✓

ख. सगरमाथाको चुचुरामा पुग्ने पहिलो महिला सीता हुन् । ✗

ग. नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापा राष्ट्रवादी थिए । ✓

घ. न्याय हराए गोर्खा जानू' भन्ने राजा पृथ्वीनारायण शाह हुन् । ✗

ङ. अंशुवर्मा लिच्छवि कालका सुधारवादी राजा थिए । ✓

च. त्रेता युगमा जनक नाम गरेका महान् दार्शनिक राजा थिए । ✓

छ. नेपालको कला संस्कृतिलाई विश्वभर फैलाउने काम भक्ति थापाले गरेका थिए । ✗

ज. जय पृथ्वीबहादुर सिंहले नेपालको शिक्षा क्षेत्रमा परिवर्तन ल्याउन भूमिका खेलेका थिए । ✓

झ. फाल्गुनन्दले नेपाली भाषा प्रवर्धनमा भूमिका खेलेका थिए । ✗

ञ. राणा शासनको अन्त्य गरी प्रजातन्त्र ल्याउन राजा त्रिभुवनको महत्त्वपूर्ण योगदान रहेको छ । ✓

**हामीले राष्ट्रिय विभूतिका बारेमा कविताको माध्यमद्वारा केही जान्ने मौका पायौँ । अब ती विभूतिहरू बारे थप जान्ने कोसिस गरौँ है त । तल १८ जना राष्ट्रिय विभूतिको परिचय छोटकरीमा दिइएको छ, त्यसलाई पढ्नुहोस् । त्यहाँ केही शब्दहरू छुटेका छन, ती शब्दहरूलाई बाकसमा दिईएका शब्दमध्येबाट मिल्ने शब्द छानी छुटेको ठाउँमा राख्नुहोस ।**



| **१. राजा जनक** | | | |
|---|---|---|---|
| जनकपुर | राजा | शास्त्र | राष्ट्रिय |

त्रेता युगमा जनक नाम गरेका महान् दार्शनिक राजा थिए । उनको राज्यलाई मिथिला भनिन्थ्यो । यो राज्यको राजधानी हाल नेपालको जनकपुर थियो । मिथिला राज्य गण्डकी र कोसी नदीको बिचमा रहेको थियो । यसैगरी दक्षिणमा गङ्गा नदीदेखि उत्तरमा हिमालयसम्म फैलिएको थियो । उनी त्यति बेलाको भारतीय उपमहाद्वीपमा प्रसिद्ध ज्ञानी महात्मा पनि थिए । उनको दरबारमा विद्वान्हरुको भेला हुन्थ्यो । शास्त्रका विषयमा छलफल हुने गर्थ्यो । यस्ता राजा महात्मा जनकको नामबाट नेपालको समेत इज्जत बढेकोले उनलाई राष्ट्रिय विभूति मानिएको हो ।



| **२. सीता** | | | | |
|---|---|---|---|---|
| जनकपुर | जन्मथलो | सीता | नारी | आदर्श |

सीता राजा जनककी छोरी हुन् । त्यसैले उनलाई जानकी नामले पनि चिनिन्छ । आदर्शपुरूष भगवान राम र सीताजीको विवाह जनकपुरमा भएको थियो । विश्वभरका हिन्दुहरुले सीताराम भनेर पुकार्ने गर्छन् । सीता असल, चरित्रवान् र बत्तिस लक्षणले युक्त आदर्श नारी हुन् । सीता नेपालकी चेली भएकीले उनको जन्मोथलो नेपालको नाम समेत संसारभर नै फैलिएको छ । त्यसैले उनलाई नेपालको राष्ट्रिय विभूतिको सम्मान दिइएको हो ।



| **३. सिद्धार्थ गौतम** | | | | |
|---|---|---|---|---|
| प्रणेता | सारनाथ | वैशाख | चोरी | शान्ति |

सिद्धार्थ गौतम इसा पूर्व. ५६३ वैशाख शुक्ल पूर्णिमाका दिन नेपालको लुम्बिनीमा जन्मेका हुन् । उनी बौद्ध धर्मका प्रणेता हुन् । उनले विहारको सारनाथमा ज्ञान प्राप्त गरी बौद्ध धर्मको प्रचार प्रसार गरे । विश्वले शान्तिका अग्रदूतका रुपमा भगवान् गौतम बुद्धलाई मान्दछ । नेपालमा जन्म भएकाले उनलाई राष्ट्रिय विभूति बनाइएको हो । भगवान् बुद्धले मानव जीवनलाई दुःखबाट मुक्त गर्ने उपायको खोजी गरेका थिए । चोरी नगर्नु, झुठो नबोल्नू, खराब विचार मनमा नराख्नू जस्ता उनका उपदेश थिए ।

| ४. अंशुवर्मा | | | | |
|---|---|---|---|---|
| भृकुटी | तिब्बत | लिच्छवि | फैलिएको | राज्यरोहण |



अंशुवर्मा लिच्छवि कालका एक प्रसिद्ध सुधारवादी राजा हुन् । उनले नेपालमा वि. सं. ६६२ मा राज्यरोहण गरी १६ वर्ष शासन चलाए । अंशुवर्माले उत्तरको चीन तथा तिब्बतसँग सम्बन्ध राम्रो बनाउने उपाय सोचे । यसका लागि आफ्नी छोरी भृकुटीको विवाह तिब्बतका राजा स्रोङचोङ गम्पोसँग गरिदिका थिए । त्यस बेला एक जना चिनिया यात्री हु एन् साङ नेपाल आएका थिए । उनलाई अंशुवर्मा र उनको शासन व्यवस्था असाध्यै मन पऱ्यो । जसको वर्णन उनले आफ्ना पुस्तकमा गरेका छन् । उनले गर्दा नेपालको नाम देश विदेशमा फैलिएको थियो । यसरी राजा अंशुवर्मालाई नेपालको राष्ट्रिय विभूति बनाइएको हो ।



| ५. अरनिको | | | | |
|---|---|---|---|---|
| नेतृत्व | स्तूप | बलबाहु | आनिक | वैज्ञानिक |

अरनिकोको बाल्यकालको नाम बलबाहु  थियो । वि.सं. १३१० मा १७ वर्षको उमेरमा ८० जना कलाकारको नेतृत्व गर्दै उनी चीन गएका थिए । उनी कलाकार, मूर्तिकार, वास्तुविद् र वैज्ञानिक पनि थिए । उनले चीनको बेइजिङमा निर्माण गरेको श्वेत प्यागोडा (पाइतास्ते) नामको स्तूप अझै छ । चीनका राजा कुब्लाइखाँले अरनिकोको कला खुब मन पराएका थिए । अरनिको निकै सुन्दर भएकाले उनलाई चिनिया भाषामा आनिक भनी बोलाउँथे । आनिक भन्दै जाँदा पछि गएर उनको नाम अरनिको हुन गएको हो । अरनिकोले नेपाली कलालाई विदेशमा प्रचार प्रसार गरी देशको इज्जत बढाउने काम गरे । त्यसैले उनलाई राष्ट्रिय विभूतिको सम्मान दिइएको हो



| ६. राम शाह | | | | |
|---|---|---|---|---|
| सुधारवादी | न्यायप्रेमी | मानापाथी | शासन | उखान |

गोरखा राज्यमा राजा रामशाहले वि. सं. १६६३ देखि १६९० सम्म शासन गरेका थिए । उनी निकै सुधारवादीराजा थिए । उनले देशमा मानापाथी, ढक तराजुको व्यवस्था गरेका थिए । न्याय दिनका लागि रामशाह निकै सिपालु थिए । त्यसैले 'न्याय हराए गोर्खा जानू' भन्ने उखान त्यस बेला चलेको थियो । उनी समाज सुधारक र न्यायप्रेमीराजा थिए । यस्ता देश र जनताका लागि समर्पित राजा भएकाले उनालाई राष्ट्रिय विभूति घोषणा गरिएको हो ।



| ७. पृथ्वीनारायण शाह | | | | |
|---|---|---|---|---|
| एकीकरण | निर्माता | कान्तिपुर | ५० | राष्ट्रवादी |

आधुनिक नेपालका निर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्म वि. सं. १७७९ पुस २७ गते भएको थियो । उनी वि. सं. १७९९ मा गोरखाका राजा भए । त्यस बेला नेपालमा ५० भन्दा बढी राज्य थिए । उनले नुवाकोट आक्रमणबाट नेपाल एकीकरण सुरूवात गरी नेपालको सिमाना पूर्वमा टिष्टासम्म पुऱ्याएका थिए । उनी राष्ट्रवादीराजा थिए । उनले वि.सं. १८२५ मा कान्तिपुर विजय गरेपछि काठमाडौंलाई नै राजधानी बनाई नेपाल राज्य स्थापना गरेका थिए । नेपाल राज्य निर्माण गरेको हुनाले उनलाई राष्ट्रिय विभूतिको सम्मान दिइएको हो ।



### ८. वीर बलभद्र कुँवर

| | | | | |
|---|---|---|---|---|
| स्वाभिमान | जनरल | युद्ध | केटाकेटी | किल्ला |

वि.सं. १८७१ मा नेपाल र अङ्ग्रेजबिच युद्ध भएको थियो । त्यतिखेर नेपालको पश्चिममा रहेको नालापानीको किल्ला बलभद्र कुँवरले सम्हालेका थिए । अङ्ग्रेजले उनलाई अनेक लोभ लालचमा पार्न खोजे  तर उनले आफ्नो स्वभिमान छाडेनन् । अङ्ग्रेज फौज हजारौँको सङ्ख्यामा थियो । उनीसँग मात्र करिब सातसय जति महिला र केटाकेटी सहितको फौज थियो । तर पनि उनले बहादुरीका साथ अङ्ग्रेजसँग लडाइँ गरेका थिए । बलभद्र कुँवर सच्चा राष्ट्रभक्त थिए । अदम्य साहसका धनी बलभद्र कुँवरको फौजले जनरल जिलेस्पीको सेनालाई परास्त गरेका थिए । यसरी देशका लागि समर्पित वीर योद्धा भएकाले नै उनलाई राष्ट्रिय विभूति घोषणा गरिएको हो ।



### ९. अमरसिंह थापा

| | | | | |
|---|---|---|---|---|
| सन्देश | वफादारी | बडाकाजी | तारिफ | विभूति |

नेपाल अङ्ग्रेज युद्धमा पश्चिमतर्फको विजय अभियानको नेतृत्व गरेका अमरसिंह थापा पनि नेपालका राष्ट्रिय विभूति हुन् । उनलाई पनि ठुलो जागिर र सम्पत्तिको लोभलालच देखाइएको थियो  तर उनले "तिम्रा सेना नायकलाई भोलि युद्धको मैदानमा भेट्न पठाउनू" भन्ने सन्देश पठाए । उनको यही राष्ट्रिय स्वाभिमान र देशप्रतिको बफादारी गौरव गर्न लायक छ । नेपाल एकीकरण अभियानमा उनले देखाएको बहादुरी र सुझबुझको सबैले तारिफ गर्छन् ।  अमरसिंह थापाले सरदार, काजी र बडाकाजीसमेतको उपाधि पाएका थिए ।



### १०. भीमसेन थापा

| | | | | |
|---|---|---|---|---|
| धपाउन | सैनिक | समर्पित | डुब्न्या | प्रथम |

नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापा राष्ट्रवादी थिए । यीनले अङ्ग्रेजलाई एसियाबाट नै धपाउन भारतका राजाहरुसँग मिलेर अभियान चलाएका थिए । यिनले देशमा सामाजिक, आर्थिक र सैनिक सुधार गरेका थिए । राजा रणबहादुर शाह भन्थे "म मऱ्या देश डुब्न्या छैन भीमसेन मऱ्या देश डुब्न्या छ ।" यसरी देशका लागि समर्पित भिमसेन थापालाई सम्मानस्वरुप राष्ट्रिय विभूति घोषणा गरिएको हो ।



### ११. भानुभक्त आचार्य

| | | | | |
|---|---|---|---|---|
| उर्दू | भाषिक | उल्था | रम्घा | भाषा |

भानुभक्त आचार्यको जन्म वि.सं. १८७१ असार २९ गते तनहुँको चुँदी रम्घागाउँमा भएको थियो । यिनले नेपाली भाषा साहित्यको विकासमा निकै ठुलो योगदान दिएका थिए । त्यस बेला संस्कृत र उर्दूमा साहित्य रचना गर्ने चलन थियो । भानुभक्तले नेपाली भाषाको प्रचार प्रसार गरेर भाषिक एकीकरण गरेका थिए । त्यसैले उनलाई राष्ट्रिय विभूतिको सम्मान दिइएको हो । उनले रामायणलाई  संस्कृतबाट नेपालीमा उल्था गरेका थिए । वधूशिक्षा, भक्तमाला, प्रश्नोत्तर जस्ता उत्कृष्ट कृतिहरु नेपालीमा सृजना गरेका थिए । त्यसैले यीनलाई नेपाली भाषाको आदिकवि भनिन्छ ।



| १२. मोतीराम भट्ट | | | | |
|---|---|---|---|---|
| रिपुमर्दिनी | कृति | जन्म | नाटककार | कृष्ण |

मोतिराम भट्टको जन्म वि. सं. १९२३ भाद्र कृष्णऔंसी, बाबु नारायण भट्ट र माता रिपुमर्दनीको कोखबाट भएको थियो । कवि तथा नाटककार मोतिराम भट्टको, उत्कृष्ट कृति प्रह्लाद थियो । वि.सं. १९५३ मा यीनको ३० वर्षको उमेरमा देहान्त भयो । यिनलाई युगकवि पनि भनिन्छ ।



| १३. राजा त्रिभुवन | | | | |
|---|---|---|---|---|
| शुभराज्यभिषेक | त्रिभुवन | राजगद्दी | पश्चात् | राजा |

राजा त्रिभुवन पृथ्वी वीरविक्रम शाह र माहिली महारानी लक्ष्मी दिव्येश्वरीका छोरा थिए । वि. सं. १९६३ असार १७ मा जन्मेका राजा त्रिभुवन वि. सं. १९६८ मा राजा भए । वि. सं.१९६९ मा यिनको शुभराज्याभिषेक भयो । वि. सं. २००७ कात्तिक २१ मा राणा शासनको विरूद्धमा राजगद्दी त्यागी भारत प्रस्थान गरेका थिए । दिल्ली सम्झौतापश्चात् वि.सं. २००७ फागुन ७ राणा शानको अन्त्य भयो । यिनलाई प्रजातन्त्रका पिता पनि भनिन्छ ।



| १४. शङ्खधर साख्वा | | | | |
|---|---|---|---|---|
| ऋण | घोषणा | संवत् | समाजसेवी | प्रारम्भ |

शङ्खधर साख्वाले वि. सं. ९३६ मा नेपाल संवत् प्रारम्भ गरे । सरकारले यिनलाई वि. सं. २०५६ मार्ग ३ गते राष्ट्रिय विभूति घोषणा गरिएको थियो । यिनले गरिब जनताको ऋण आफैँले तिरिदिएका थिए । विक्रम संवत् २०६५ मङ्सिर ८ मा नेपाल सरकारले यिनलाई राष्ट्रिय विभूतिको मान्यता दियो । यिनी एक समाजसेवी पनि थिए ।



| १५. पासाङ ल्ह्यामु शेर्पा | | | | |
|---|---|---|---|---|
| चुचुरो | तारा | शव | लुक्ला | मृत्यु |

वि. सं. २०५० साल वैशाख १० गते सगरमाथाको चुचुरोमा पुग्ने पहिलो नेपाली महिला पासाङ ल्हामु शेर्पा हुन् । उनको जन्म २०१८ मङ्सिर २५ सोलुखुम्बु, लुक्लामा भएको थियो । यिनलाई वि. सं. २०५९ वैशाख ९ मा राष्ट्रिय विभूति घोषणा गरिएको थियो । नेपालतारा पदवीबाट विभूषित पनि भइन् । उनको चुचुराबाट फर्कने क्रममामृत्यु भएको थियो । वि.सं. २०५० वैशाख २३ मा मात्र उनको शव फेला परेको थियो ।



| १६. फाल्गुनन्द | | | | |
|---|---|---|---|---|
| महागुरू | पुजारी | लिङ्देन | आदर | लिम्बु |

वि.सं. १९४२ कात्तिक २५ गते इलाममा फाल्गुनन्द लिङ्देनजन्मेका थिए । उनी लिम्बू परिवारमा जन्मेका हुन् । उनी अहिंसा र धार्मिक भावनाका पुजारी थिए । लिम्बू जातिको धर्म संस्कृतिको रक्षक महागुरू फाल्गुनन्दका १२ ओटा उपदेश महत्त्वपूर्ण मानिन्छ । किराँती भाषामा उनलाई महिगुम आङसिमाङ भनेर आदर गरिन्छ । उनको मृत्यु सन् १९४८ मा भएको थियो । उनलाई वि.सं. २०६६ मङ्सिर १६ मा राष्ट्रिय विभूति घोषणा गरिएको थियो ।



| १७. भक्ति थापा | | | | |
|---|---|---|---|---|
| देउथल | सत्रौँ | बहादुरी | ७० | घोषणा |

नेपाल अङ्ग्रेज युद्धमा नेपालका तर्फबाट बहादुरीका साथ लड्ने एक वीर योद्धा भक्ति थापा हुन् । उनले ७० वर्षको उमेरमा पनि बडो फुर्तिका साथ देउथलको युद्धमा बहादुरी देखाएका थिए । उनको वीरताको कदर गर्दै नेपाल सरकारले वि.सं. २०७८ असार १४ गते सत्रौँ विभूतिका रुपमा भक्ति थापालाई घोषणा गरेको हो ।



| १८. जय पृथ्वीबहादुर सिंह | | | | |
|---|---|---|---|---|
| असार | देव शमशेर | बझाङ | गोरखापत्र | नेपाली |

१९३४ भदौ ७ गते बझाङमा जन्मिएका सिंहले लेखेको अक्षराङ्क शिक्षा नाम पुस्तक नेपाली भाषाको पहिलो पाठ्यपुस्तक मानिन्छ । नेपालको जेठो अखवारको रुपमा लिइने गोरखापत्रको प्रकाशनमा समेत सिंहको योगदान छ । सिंहले तत्कालीन राणा प्रधानमन्त्री देवशमशेरलाई पत्रपत्रिकाको महत्त्व बुझाएर गोरखापत्र प्रकाशन गर्न हौसला प्रदान गरेका थिए । उनलाई नेपाल सरकारले वि.सं. २०७९ असार ६ गते राष्ट्रिय विभूतिको रुपमा घोषणा गरेको हो ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (✓) र बेठिक भए (✗) चिह्न दिनुहोस् ।**

क. रामायणलाई नेपाली भाषामा अनुवाद गर्ने काम मोतीराम भट्टले गरेका हुन् । ✓

ख. 'न्याय नपाए गोर्खा जानू' भन्ने भनाइ राम शाहसँग सम्बन्धित छ । ✓

ग. नेपालको स्वास्थ्य क्षेत्रमा अमूल्य योगदान पुऱ्याए बापत जय पृथ्वीबहादुर सिंहलाई राष्ट्रिय विभूति घोषणा गरिएको हो । ✗

घ. अमरसिंह थापा, बलभद्र कुँवर र भक्ति थापाले आफ्नो वीरताको कारणले चिनिएका हुन् । ✓

ङ. हाल राष्ट्रिय विभूतिहरुको सम्मानमा हुलाक टिकट बनाउन थालिएको छ । ✓

च. अरनिको, भृकुटी लगायतका राष्ट्रिय विभूतिहरुले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए । ✓

## पृष्ठपोषण

## पूर्व सिकाई परिक्षण

**सही उत्तरमा (✓) चिह्न लगाउनुहोस् :**

**१. महिषपाल भन्नाले के बुझिन्छ ?**

क. गाई पाल्ने	ख. भैँसी पाल्ने ✓

ग. बाख्रा पाल्ने	घ. माथिका सबै

**२. रानी पोखरीको निर्माण कसले गरेका हुन् ?**

क. महीन्द्र मल्ल	ख. जयस्थिति मल्ल

ग. प्रताप मल्ल ✓	घ. माथिको कुनै पनि होइन

**३. मध्यकालीन नेपालमा कर्णालीमा कस्ता राज्यहरू थिए ?**

क. बाइसी ✓	ख. चौबिसे

ग. सेन	घ. मल्ल

**४. नेपालको हालको संविधान कुन मितिमा बनेको हो ?**

क. २०७२ वैशाख १२	ख. २०७२ असोज ३ ✓

ग. २०७२ असोज ६	घ. माथिका कुनै पनि होइन

**५. तलका मध्ये राष्ट्रिय विभूति को हुन् ?**

क. राम शाह	ख. भृकुटी

ग. मोतीराम भट्ट	घ. माथिका सबै ✓

**तल दिइएका वाक्यहरू सही भए (✓) र गलत भए (✗) चिह्न लगाउनुहोस्।**

१. गोपाल वंशका पहिला राजा यलम्बर हुन्। ✗

२. नेपाल संबतको सुरूआत शङ्खधर साख्वाले गरेका हुन्। ✓

३. गोपाल भन्नाले भैसी पाल्ने समूह भन्ने बुझिन्छ। ✗

४. लिच्छवि काललाई नेपालको इतिहासको स्वर्णयुग पनि भनिन्छ। ✓

५. जनताले खाएपछि मात्र खाने राजा भनेर महेन्द्र मल्ललाई लिइन्छ। ✘

६. हालको रानी पोखरी, बालाजुको बाइसधारा, पचपन्न झ्याले दरबार जस्ता संरचना शाह वंशीय राजाहरुले निर्माण गरेका हुन्। ✘

७. राणा शासनको सुरूवात कोत पर्वपश्चात् सुरू भएको थियो। ✓

८. नेपालमा राणा शासन अन्त्य गर्न तत्कालीन राजा महेन्द्रले दिल्लीमा गएर सम्झौता गरेका थिए। ✘

९. नेपालको इतिहासमा २०५८ जेष्ठ १९ गतेलाई कालो दिनका रुपमा लिइन्छ। ✓

१०. नेपालको हालको संविधान पहिलो संविधान सभा मार्फत बनेको थियो। ✘

११. नेपालमा हालसम्म १६ जना राष्ट्रिय विभूतिहरु घोषणा गरिएको छ। ✘

१२. जय पृथ्वीबहादुर सिंह सबैभन्दा पछाडि घोषणा भएका राष्ट्रिय विभूति हुन्। ✓

१३. हाम्रा राष्ट्रिय विभूतिहरुले पुऱ्याएको योगदान स्वरुप सरकारले उनीहरुको नामको हुलाक टिकट बनाएको छ। ✓

१४. 'न्याय नपाय गोर्खा जानू' भन्ने भनाइ पृथ्वीनारायण शाहसँग सम्बन्धित छ। ✘

१५. नेपालीको वीरताको कथा बुन्दा अमरसिंह थापा, बलभद्र कुँवर तथा भक्ति थापाको योगदान महत्त्वपूर्ण मानिन्छ। ✓

तह

३

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

सामाजिक व्यवहार र मूल्यमान्यता

जीवन जगत र प्रविधि

स्वस्थ जीवनशैली र सिर्जनशीलता

# जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री